का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ भदौ २०८१,
शनिबार
31 August, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नुस्

वर्ष २२, अंक २०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## भ्रष्टाचारमा हदम्याद

# जनदबाबले पछि हट्यो सरकार

**भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको हदम्याद राख्ने प्रस्तावित व्यवस्थाको चौतर्फी विरोध भएपछि सरकार पछि हट्न बाध्य भएको हो ।**


नागरिकमा रहेको निराशालाई आशामा बदलेर सुशासनमार्फत मुलुकलाई अगाडि लैजान सबै राजनीतिक दलहरू एक ठाउँमा उभिन सक्दछन् भन्ने सन्देश दिन पनि सफल भएका छौं ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस


सरकारको तर्फबाट नै हदम्याद हटाउने कुरा गरेपछि संशोधनकर्ता माननीयहरुको भावना र जनभावनाको पनि कदर भयो ।

**रघुजी पन्त**
सांसद, नेकपा एमाले


अब समितिका सबै सदस्य आनन्दले सुत्ने भयौं । जनताको कुरा सुन्देकोमा सरकारलाई धन्यवाद ।

**दुर्गा राई**
सांसद, माओवादी केन्द्र


भ्रष्टाचारमा हदम्याद रहने छैन भनेपछि जहाँसुकै रहेका नेपालीले हर्षबढाईं गर्छन् । ठूलो दबाबमा परेपछि सरकार हदम्याद हटाउन सहमत भयो भन्ने लागेको छ । जे भएता पनि खुसी लागेको छ ।

**चित्रबहादुर केसी**
अध्यक्ष, राष्ट्रिय जनमोर्चा



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

भ्रष्टाचार ऐन संशोधन विधेयकबाट भ्रष्टाचारको अनुसन्धानमा प्रस्तावित पाँच वर्षे हदम्यादको प्रस्ताव हटेको छ ।

शुक्रबार समितिको सभाकक्ष सिंहदरवारमा बसेको प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सर्वसम्मतिमा भ्रष्टचार विधेयकबाट हदम्याद हटाउने निर्णय गरेको हो ।

समिति सभापति रामहरि खतिवडाले भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा पाँच वर्षको हदम्याद रहनेसम्बन्धी प्रस्तावित व्यवस्था हटाउने प्रस्ताव प्रस्तुत गरेका थिए ।

जसमा सांसदहरूले सर्वसम्मत रुपमा समर्थन जनाए ।

सुरुमै बोलेका गृहमन्त्री रमेश लेखकले भ्रष्टाचारको अनुसन्धानमा हदम्याद नराख्न सरकार तयार रहेको बताए । 'भ्रष्टाचारसम्बन्धी मुद्दामा जहिले पनि अनुसन्धान हुनसक्छ, मुद्दा जहिले पनि चल्न सक्छ । सरकार यो प्रावधानको पक्षमा छ' गृहमन्त्री लेखकले भने ।

त्यसपछि बोलेका कांग्रेसका सांसद पूर्णबहादुर खड्काले भ्रष्टाचारसम्बन्धी मुद्दामा हदम्याद हटाउने विषय स्वागतयोग्य रहेको बताए ।

रास्वपाका सभापति समेत रहेका समिति सदस्य रवि लामिछाने, माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे लगायतका सांसदले भ्रष्टाचारमा हदम्याद कायम हुन नहुने बताए ।

भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक २०७६ साल माघ ७ गते राष्ट्रियसभामा दर्ता भएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियसभामा दर्ता गरेको उक्त विधेयक २०७७ साल असार ८ गते सभाबाट पारित भएको थियो ।

प्रस्तावित विधेयकमा नक्कली शैक्षिक प्रमाणपत्र, घुस खाएका, राजस्व छलेका, गलत लिखत तयार गरेका, गैरकानुनी सम्पत्ति आर्जन गरेका >>> पृष्ठ २ मा

# मासिँदै भावर, नासिँदै चुरे

सानो समूहले निश्चित टहरा बनाउँछन्, निश्चित समयभित्रै परिवार र आफन्त बोलाएर गाउँ नै बनाइदिन्छन् । पछि त्यही गाउँलाई अव्यवस्थित बसोबासी भन्दै जग्गा दर्ताका लागि स्थानीय तहमा सिफारिस माग्न पुग्छन् । यस्तो प्रवृत्तिले चुरे संरक्षणमा समस्या पैदा गरिरहेको छ ।

"सुदूरपश्चिम प्रदेश राजधानी घोषणा भएपछि आसपासका क्षेत्रमा बाढी पीडित, सुकुमबासीका नाममा जंगल छेउमा बस्दै आएकाहरूले सीमा मिच्दै जमिन बढाउन थालेका छन् ।

**निराजन कडाल**
**प्रमुख**
**सव डिभिजन वन कार्यालय अत्तरिया**

**जमुना न्युरे/मध्यान्ह**
धनगढी, १४ भदौ ।

चुरेको जुन क्षेत्रमा वनजंगल नासिँदै गएको छ । डिभिजन वन कार्यालय कैलालीको तथ्यांक अनुसार जिल्लामा २२ हजार हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको छ ।

कैलालीको ६५ प्रतिशत भू-भाग वनक्षेत्रले ओगटेको छ । जसमा ३९ दशमलव २८ प्रतिशत चुरे भावर क्षेत्रले ओगटेको बताइए पनि पछिल्लो एक दशकमा वन अतिक्रमण निकै चपेटामा परेको छ । भूमाफियासँगै संघीय, प्रदेश तथा स्थानीय सरकारको आँखा पनि वन क्षेत्रमै पर्ने गरेको >>> पृष्ठ २ मा



## जंगलका गोठ बस्तीमा परिणत

साविकको खैराला गाउँ विकास समितिको वडा नम्बर ४ मा पर्ने बालुवागडा, बाटेगडा, टाकगडा, पनेरुगडा, सालघारी चुरे क्षेत्रमा पर्छ ।

अति सम्वेदनशील मानिएको चुरे क्षेत्रमा वर्षातको समयमा गाई भैंसी, बाख्रा पालनका लागि अस्थायी छाप्रा निर्माण गरि चुरेमा राखिने गरिन्थ्यो । गाई बाख्रा चराउन जंगलमा गोठ बनाई बसेकाहरु विस्तारै जमिन बढाउँदै गएर अन्ततः अहिले गाउँ नै बनेका छन् ।

७/८ वटा गोठ सुरु गरेर बसेको स्थानमा अतिक्रमण गर्दै अहिले ३ सय ५० घर तथा एक आधारभूत तहको विद्यालय निर्माण भइसकेको स्थानीय योगेन्द्र देउवा बताउँछन् । चुरे क्षेत्रका राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन, कबुलियतीलगायतका >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# राष्ट्रिय आप्रवासन नीति छिट्टै ल्याइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले राष्ट्रिय आप्रवासन नीति छिट्टै ल्याइने बताएका छन् । श्रम मन्त्रालय, संयुक्त राष्ट्र आप्रवासन संगठन र जर्मनी सहयोग नियोगद्वारा शुक्रबार आयोजित श्रम सम्झौतासम्बन्धी कार्यक्रममा मन्त्री भण्डारीले उक्त नीतिको मस्यौदा तयार गरिएको र त्यसलाई विज्ञहरुको सुझाव लिएर परिमार्जन गरी संसद्मा लैजाने बताए ।

नेपाली श्रमिक वैदेशिक रोजगारमा जाँदादेखि फर्कने बेलासम्म सुरक्षित गर्नुपर्नेमा जोड दिँदै उनले आप्रवासनका क्षेत्रमा विद्यमान समस्या समाधान गर्न नीतिमा प्रस्ट व्यवस्था गरिएको जानकारी दिए ।

मन्त्री भण्डारीले सरकारले श्रम आप्रवासनसम्बन्धी नीति निर्माण गर्दा भुइँमान्छेको विषयलाई ध्यान दिने, कामदारलाई भाषा र सीप सिकाएर दक्ष बनाउने, उनीहरूको मानव अधिकारसम्बन्धी विषयलाई समावेश गरिएको उल्लेख गर्दै नीतिमा समयसापेक्ष सुधार गर्न सकिने बताए ।

खाडी मुलुकहरूमा अधिक तापक्रमका कारण त्यहाँ जाने नेपाली श्रमिकको स्वास्थ्यमा समस्या देखिएको बताउँदै उनले करिब ४६ प्रतिशत युवाको मिर्गौलासम्बन्धी समस्या देखिएकामा चिन्ता व्यक्त गरे ।

जुनसुकै विधा र प्रक्रियाबाट पनि विदेश पुगेका नेपालीहरू वैधानिक काममा क्रियाशील रहेमा उनीहरूलाई सरकारले वैधानिकता दिने बताउँदै मन्त्री भण्डारीले विश्वका एक सय ७१ मुलुकमा नेपाली कामदार जाने गरेको जानकारी दिए । श्रम सचिव मुकुन्द निरौलाले वैदेशिक रोजगारीमा जाने नेपालीलाई सुरक्षित गर्ने, ठगिएमा, अलपत्र परेमा स्वदेश फिर्ता, क्षतिपूर्तिको व्यवस्था गर्न मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गरे ।

संयुक्त राष्ट्र आप्रवासन संगठनले नीतिको मस्यौदा निर्माण, माइग्रेसन स्कुल सञ्चालनलगायत कार्यक्रम सञ्चालन गर्दै आएको बताइएको छ ।

## एकता समितिद्वारा नयाँ महानिर्देशकसँग छलफल



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीले वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीसँग वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका विषयमा छलफल गरेको छ ।

शुक्रबार विभागका नवनियुक्त महानिर्देशक खत्रीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै समितिले वैदेशिक रोजगार क्षेत्रमा रहेका >>> पृष्ठ २ मा

## बन्द नर्सिङ कलेज खुलाउन ऐन बनाइँदै



नर्सिङ शिक्षा सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगले एक सय बेड अस्पताल हुनुपर्ने भनेपछि सिटिइभिटीबाट सञ्चालित इन्टर मिडियट नर्सिङ र सय बेड अस्पताल चाहिन्छ भन्ने ऐनका कारण निजी क्षेत्रबाट आएका धेरै मागहरुलाई पूरा गर्न सकेका छैनौं ।

**विद्या भट्टराई**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

सरकारले बन्द भएका नर्सिङ कलेज खुलाउनका लागि कानूनी व्यवस्था गर्न लागेको छ । यसका लागि एक सय बेड अस्पताल चाहिने र नचाहिने अवस्थालाई बर्गीकरण गरेर बन्द नर्सिङ कलेज खुलाउन लागिएको हो ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमन्त्री विद्या भट्टराईका अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ऐन २०४५ लाई संशोधन गर्ने गरी विधेयकको मस्यौदा तयार भएको छ । यो विधेयक कानुनमा रुपान्तरित भएपछि हाल देखा परेका अष्पष्टताहरु स्पष्ट भएर अगाडि बढ्ने उनको विश्वास छ ।

'नर्सिङ शिक्षा संचालनका लागि चिकित्सा शिक्षा आयोगले एक सय बेड अस्पताल हुनुपर्ने भनेपछि सिटिइभिटीबाट संचालित इन्टर मिडियट नर्सिङ, त्यसलाई आंगिक शिक्षालयहरुबट नै प्रदान गर्नुपर्छ भन्ने हिसावमा निजी क्षेत्रहरूमा सय बेड अस्पताल ने चाहिन्छ भन्ने ऐनको कारण निजी क्षेत्रबाट आएका धेरै मागहरुलाई पूरा गर्न सकेका छैनौं' शिक्षामन्त्री भट्टराईले गत बिहीबार प्रतिनिधि >>> पृष्ठ २ मा

# द्वन्द्व बिर्सेर समृद्ध नेपाल निर्माण अभियानमा जुटौं : सभापति देउवा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विगतमा द्वन्द्वक्रममा भएका घटनालाई बिर्सेर समृद्ध नेपाल निर्माणको अभियानमा जुट्न आह्वान गरेका छन् ।

पत्रकार दीर्घराज उपाध्यायको 'द्वन्द्व पत्रकारिताको एक दशक' नामक पुस्तकको शुक्रबार यहाँ लोकार्पण गर्दै उनले विगतको द्वन्द्वपछि स्थापना भएको शान्तिलाई दिगो बनाउँदै सबै वर्ग र समुदायका जनताको पूर्ण सहभागितामा समृद्ध समाज निर्माणमा जुट्नुपर्ने बताए । सभापति देउवाले भने, 'सबै नेपालीको मर्म र भावना अटाउने संविधानलाई समयसापेक्षा तुल्याउँदै जानुपर्छ । हामी सबै मिलेर डर-त्रास र भयबाट मुक्त समाज बनाउने कार्य गरौं । त्यसका लागि




सरकारले प्रयास गरिरहेको छ ।'

एउटा सभ्य समाजका लागि लोकतन्त्र र मानवअधिकार सबैभन्दा ठूलो विषय रहेको भन्दै उनले वर्तमान संविधान समावेशी भएकाले सबै जातजाति र समुदायका भावनालाई समेटेर अझ राम्रो र साझा बनाउने प्रयास भइरहेको धारणा राखे । 'विगतमा ठूलो द्वन्द्व थियो, धेरै लडाइँ भयो । कसैले जित्ने र हार्ने विषय थिएन । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको सहयोग र योगदानका आधारमा वार्ताका माध्यमबाट मुलुकमा शान्ति स्थापना भयो । अब यसलाई दिगो व्यवस्थापन गर्दै उपलब्धिलाई संस्थागत गर्दै लैजानुपर्ने आवश्यकता छ', पूर्वप्रधानमन्त्री देउवाको भनाइ थियो ।

सङ्क्रमणकालीन न्याय (टीआरसी) विधेयक सर्वसम्मतिबाट पास भइ प्रमाणीकरणसमेत हुनु द्वन्द्व व्यवस्थापनका लागि ठूलो उपलब्धि भएको बताउँदै उनले विगतका अनुभवसहित मुलुक विकासमा अघि बढिरहेको विचार व्यक्त गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव लेखराज भट्टले मुलुकको राजनीतिक परिवर्तन र समाजमा रहेको अन्याय र अत्याचार अन्त्यका लागि माओवादी सशस्त्र युद्ध भएको बताए ।

उनले भने, 'सशस्त्र द्वन्द्वका क्रममा कतिपय स्थानमा चिताउँदै नचिताएका घटना भए, त्यो समय म पार्टीको सेती महाकाली इन्चार्जको जिम्मेवारीमा थिए, अझै पनि त्यस्ता घटनाका पीडितको अवस्था देख्दा मन दुख्छ ।'

# मिडिया अलाइन्ससद्वारा ऊर्जामन्त्री खड्कासँग भेट



**काठमाडौं/मस–** मिडिया अलाइन्स नेपालले ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्कालाई भेटेर मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने जनचेतनामूलक तथा सार्वजनिक खरिदसम्बन्धी सूचना र विज्ञापनहरु निजी क्षेत्रका मूलधारका राष्ट्रिय दैनिकहरुलाई पनि उपलब्ध गराउन माग गरेको छ । अलाइन्सको प्रतिनिधिमण्डलले शुक्रबार बिहान ऊर्जामन्त्री खड्कालाई भेटेर ज्ञापनपत्र बुझाउँदै उक्त माग गरेको हो ।

मिडिया अलाइन्सका अध्यक्ष भाष्करराज राजकर्णिकारको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मन्त्री खड्कालाई भेटेर नेपालका निजी क्षेत्रका सञ्चारमाध्यमहरुको समस्याबारे अवगत गराउँदै सञ्चारमाध्यमहरुको बलियो खम्बाको रुपमा मानिने विज्ञापनमा ऊर्जा मन्त्रालय र मातहातका निकायहरुबाट गरिएको नियन्त्रण फुकाइदिन आग्रह गरेको हो ।

सूचना तथा विज्ञापन प्रवाहमा एकाधिकारी खडा नगरी निजी क्षेत्रका सबै आमसञ्चारमाध्यमहरुलाई जनचेतनामूलक तथा सार्वजनिक खरिदका सूचना उपलब्ध गराउने व्यवस्था मिलाइदिन अलाइन्सले माग गरेको छ ।

ज्ञापनपत्र बुझाउँदै अलाइन्सका अध्यक्षा राजजकर्णिकारले लामो समयदेखि निजी क्षेत्रका मिडियाहरु भूकम्प, कोभिडलगायतका समस्याबाट थला परे पनि सरकारका सबै नियम पालना गरेर सूचना प्रवाह गरिरहेको र मिडिया सञ्चालनमा नै समस्या भएकाले सरकारले पनि यसप्रति चासो दिनुपर्ने बताए ।

विज्ञापन नै सञ्चारमाध्यमको एकमात्र आर्थिक स्रोतको माध्यम भएकाले सरकारी सञ्चारमाध्यमलाई मात्र नभइ निजी सञ्चारमाध्यमलाई पनि एकाधिकारबिना विज्ञापन उपलब्ध गराउने व्यवस्था मिलाउन अध्यक्ष राजकर्णिकारले ऊर्जामन्त्री खड्कासमक्ष आग्रह गरे ।

मिडिया अलाइन्सको मागमा ऊर्जामन्त्री खड्का सकारात्मक देखिएका छन् । उनले यसबारे सम्बन्धित सबै पक्षसँग छलफल गरेर अगाडि बढ्ने आश्वासन दिएका छन् । अहिलेको सरकार निजी क्षेत्रलाई आफ्नो अभिन्न अंग मानेर हिँडेको बताउँदै ऊर्जामन्त्री खड्काले निजी क्षेत्रको सबै समस्या समाधानका लागि सरकार सकारात्मक रहेको बताए । उनले निजी क्षेत्रको समस्या समाधानका लागि आफूले पनि पहल गर्ने बताउँदै निजी क्षेत्रका मिडिया पनि निष्पक्ष ढंगले अघि बढ्नुपर्ने बताए ।

ऊर्जामन्त्री खड्कालाई भेट्न गएको मिडिया अलाइन्सको प्रतिनिधिमण्डलमा अध्यक्ष राजकर्णिकारसहित महासचिव दिरेकलाल श्रेष्ठ, कोषाध्यक्ष उज्ज्वल शर्मा, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, प्राइम टेलिभिजनका अध्यक्ष ऋषि धमला, कान्तिपुर दैनिकका महेश स्वाँर, अन्नपूर्ण दैनिकका ससन थापा र राजधानी दैनिकका सचिन शेरचनको सहभागिता थियो ।

# लमजुङ अस्पतालमा मोतियविन्दुको नि:शुल्क शल्यक्रिया

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १४ भदौ

बेसीशहर नगरपालिका वडा नं ८ मा रहेको लमजुङ अस्पतालमा मोतियाविन्दु भएका बिरामीहरुलाई नि:शुल्क शिल्याक्रिया शिविर शुरु भएको छ । हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा लमजुङ अस्पतालले दुई दिनसम्म आयोजना गरेको शिविर शुक्रबारदेखि अस्पतालमा शुरु भएको हो ।

जिल्ला अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हरिजंग तामाङले शिविरको उद्घघाटन गर्दै सो अस्पतालसँग मिलेर धेरै कार्यक्रम गर्न लागिएको बताए । यस्ता शिविरले आँखाको समस्या भएका ग्रामीण भेगका स्थानीय समेत लाभान्वित हुने उनको भनाइ छ । अस्पतालले यस सेवासँगै धेरै सेवाहरु गर्दै आएको र आगामी दिनमा अझै प्रभावकारी ढंगले अस्पतालबाट सेवा प्रवाह




गरिने उनको भनाइ छ । अस्पतालका मेसु शिशिर देवकोटाले अस्पतालले दुर्गम क्षेत्रका नागरिकदेखि सुगमका स्थानीयलाई प्रभावकारी सेवा पाउने गरी अस्पतालले सेवाहरु बढाउँदै लगेको बताए ।

उनले करिब ७० जनाको मोतियविन्दु भएको बिरामीको शल्यक्रिया गर्नुपर्ने भएपनि पेसर, सुगर लगायतका समस्या भएकाहरुलाई गर्न नमिल्ने भएकाले करिब ५० जनाको मोतियविन्दुको शल्याक्रिया हुन सक्ने बताए ।

सो आँखा अस्पतालको प्राविधक र केही औषधी समेत उपलब्ध रहेको र अस्पतालबाट पनि औषधी र केही प्राविधिक खटिने उनको भनाइ छ । बिरामीलाई आवश्यक सबै नि:शुल्क उपलब्ध गराउने अस्पतालले जनाएको छ । अस्पतालको अनुसार शिविरमा अस्पतालको करिब ५० हजार खर्च हुने भएको छ । सो आँखा अस्पतालका तर्फबाट सुवास नेपालले प्रदेशभित्रका कुनै पनि व्यक्ति आँखा देख्नबाट बन्चित नहोस् भन्ने उद्देश्यले विभिन्न ठाउँमा समेत यस्ता शिविरमा सहभागि जनाउँदै अघि बढिरहेको बताए । आँखा अस्पतालका सर्जर नेत्र रोग विषसेज्ञ कृष्ण गुरुङको नेतृत्वमा आँखा अस्पतालका ६ जना र लमजुङ अस्पतालबाट गरी १३ जना खटिएको अस्पतालले जनाएको छ ।

मोतियविन्दु शल्यक्रिया शिविरमा सबैभन्दा पहिला आइपुगेका भएका बेसीशहर नगरपालिका वडा नं १० का ७९ वर्षीय कुलबहादुर गुरुङलाई सेवा दिएर शुरु गरिएको छ । जिल्ला अस्पतालले वर्षेनी जिल्लाको विभिन्न स्थानमा पुगेर समेत विभिन्न खाले स्वास्थ्य शिविर गर्दै नागरिकलाई घरदैलोमा सेवा दिँदै आएको छ ।

# संघ, प्रदेश र स्थानीय तहको अन्तर सरकार समन्वय समितिको बैठक सम्पन्न

**काठमाडौं/मस –** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिको बैठक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा सम्पन्न भएको छ । प्रदेशका उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र हेर्ने मन्त्रालयका मन्त्रीहरु, प्रदेश सचिवहरु, नगरपालिका महासंघका अध्यक्ष एवम् गाउँपालिका राष्ट्रिय महासंघका कोषाध्यक्षको उपस्थितिमा सो बैठक शुक्रबार सम्पन्न भएको हो ।

बैठकमा मधेश प्रदेशबाट मन्त्री सकिल अलि मियाँ, बागमती प्रदेशबाट मन्त्री शुकमाया तामाङ र लुम्बिनी प्रदेशबाट मन्त्री प्रचण्डबिक्रम न्यौपानेका साथै संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, महाशाखा प्रमुख र विभागीय प्रमुखको उपस्थिति रहेको थियो । उक्त बैठकमा यस मन्त्रालयका तर्फबाट संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध र समन्वयका प्रमुख सवालहरुको विषयमा प्रस्तुतिकरण गरिएको



थियो । बैठकमा प्रस्तुत सवाल र प्रदेश तथा स्थानीय तहका समस्या तथा समाधानका लागि बृहत् छलफल भएको छ । सबै तहका सरकारले व्यापार व्यवसाय सञ्चालन, प्रवर्द्धन, विकास र विस्तारका लागि आपसी सहकार्य र समन्वय गने, सार्वजनिक निकायमा स्वदेशी उत्पादनको उपयोग र प्रवर्द्धन गर्न खरिद कानूनमा समयानुकूल सुधारका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने, त्रैमासिक समीक्षा हुनु अगावै प्रदेश सरकारका सम्बन्धित क्षेत्र हेर्ने सचिवहरुसँग समन्वय बैठक गरी उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रमा देखिएका समस्या निराकरणमा प्रयास गर्ने विषयमा बैठकमा सहमति भएको छ ।

साथै बैठकमा नेपाल सरकार उद्योग विभागमा दर्ता भएका वैदेशिक लगानी बाहेकका मझौला र साना उद्योगका अभिलेखहरु सम्बन्धित उद्योगीको मागका आधारमा प्रदेश सरकारको सम्बन्धित निकायमा हस्तान्तरण गर्ने, प्रदेश तथा स्थानीय सरकारका उद्योग तथा वाणिज्य क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता विकासका लागि सहकार्य गर्ने, स्वच्छ बजारको सम्बन्धमा अन्तर सरकार समन्वय कायम गर्ने, औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा तीव्रता दिन स्थानीय तहलाई अनुरोध गरी पत्राचार गर्ने, व्यवसाय दर्ता गर्दा सङ्घ, प्रदेश र स्थानीय तहमा लाग्ने दोहोरो दर्ता तथा नवीकरण शूल्क हटाउन सम्बन्धित कानून संशोधन गर्ने लगायतका विषयमा सहमति भएको छ ।

बैठकमा प्रदेश मन्त्रालयका मन्त्री एवम् सचिव र संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधारका विषयमा सुझावहरु राखेका थिए । बैठकमा मन्त्री दामोदर भण्डारीले तीन तहका सरकारबीच प्रभावकारी समन्वय गर्न विषयगत समितिको बैठक नियमित बस्ने कुरा जानकारी गराएका थिए ।

**भ्रष्टचारमा**

सार्वजनिक पदाधिकारीहरुलाई थाहा पाएको मितिले पाँच वर्षभित्र मात्र मुद्दा लाग्ने उल्लेख थियो । पदमा बहाल रहँदा मुद्दा नलाग्ने पदाधिकारीहरुलाई भने अवकाशपछिको पाँच वर्षभित्र मात्र मुद्दा लाग्ने भनिएको थियो ।

तर, सरकारी/सार्वजनिक सम्पत्ति हानीनोक्सानी हुने विषयमा भने हदम्याद प्रस्तावित थिएन ।

यसलाई राष्ट्रिय सभाले पारित गरेर पठाएको थियो । तर, प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले कुनै पनि प्रकारको भ्रष्टाचारमा हदम्याद नरहने गरी निर्णय लिएको छ ।

प्रतिनिधि सभामा आएपछि यो विधेयकमाथि छलफल हुँदा भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको हदम्याद राख्ने प्रस्तावित प्रावधान हटाउनुपर्ने विषय उठेको थियो ।

सत्तापक्ष र प्रतिपक्षमा रहेका सबै दलका सांसदहरूले भ्रष्टाचारको अनुसन्धानमा हदम्याद राख्न नहुने भनेर संशोधन प्रस्ताव राखेका थिए ।

नेपाली कांग्रेसका महामन्त्री समेत रहेका गगन थापा, सांसद अर्जुनरसिंह केसी, जीवन परियार र बद्रीप्रसाद पाण्डे, राजेन्द्र केसी लगायतले भ्रष्टाचारमा हदम्याद राख्न नहुने भनेर संशोधन राखेका थिए ।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला, सांसद ठाकुर गैरे, विद्या भट्टराई, रघुजी पन्त लगायतले विधेयकबाट पाँच वर्षको हदम्याद हटाउनेगरी संशोधन हालेका थिए ।

नेकपा माओवादीकी नारायणी शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद सुमना श्रेष्ठ, शिशिर खनाल र डोलप्रसाद अर्याल, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवाल लगायतले भ्रष्टाचार कसुरमा कारबाही गर्न समय तोक्ने प्रावधान झिक्नुपर्ने भन्दै संशोधन प्रस्ताव राखेका थिए ।

शुक्रबारको बैठकमा कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नागरिकमा रहेको निराशालाई आशामा बदलेर सुशासनमार्फत मुलुकलाई अगाडि लैजान सबै राजनीतिक दलहरू एक ठाउँमा उभिन सक्दछन् भन्ने सन्देश दिन पनि सफल भएको बताए ।

रास्वपाका सभापति रवि लामिछानेले भ्रष्टाचारमा हदम्याद नराख्ने भनेर गृहमन्त्रीले भनेकोमा स्वागत गरे ।

'पुरस्कार मरणोपरान्त समेत दिइन्छ । भ्रष्टाचारमा पनि यस्तै हुनुपर्छ कसैले भ्रष्टाचार गरेको छ भने मरणोपरान्त समेत भ्रष्टाचारी ठहर गरिनुपर्छ' उनले भने ।

एमालेका सांसद रघुजी पन्तभ्रष्टाचारको अनुसन्धानमा हदम्याद नराख्ने निर्णयले जनताको भावना कदर गर्ने बताए ।

'समितिमा रहनु भएका सबै साथीहरुबीचमा पनि छलफल गर्दा, एमालेका सबै साथीहरु र समितिमा नरहेका साथीहरुको पनि त्यो हदम्याद हटाऔं भनेर इन्फरमल्ली सहमत भइसकेको थियो । सरकारको तर्फबाट गृहमन्त्रीजीले नै हदम्याद हटाउने कुरा गरेपछि संशोधनकर्ता माननीयहरुको भावना र जनभावनाको पनि कदर भयो' सांसद पन्तले भने ।

माओवादी केन्द्रकी सांसद दुर्गा राईले सेभ नगरेको फोन उठाउन डर लाग्ने अवस्थाबाट मुक्ति पाएको बताइन् । 'अब समितिका सबै सदस्य आजबाट आनन्दले सुत्ने भयौं । जनताको कुरा सुन्देकोमा सरकारलाई धन्यवाद' उनले भनिन् ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि खुसी प्रकट गरे । 'भ्रष्टाचारमा हदम्याद रहने छैन भनेपछि जहाँसुकै रहेका नेपालीले अब हर्षबढाईं गर्छन्' अध्यक्ष केसीले भनेका छन्, 'ठूलो दबाबमा परेपछि सरकार हदम्याद हटाउन सहमत भयो भन्ने लागेको छ । जे भएता पनि खुसी लागेको छ ।'

नेताहरूका अनुसार चौतर्फी विरोधका बीच हदम्यादको प्रावधान अगाडि बढ्न नसक्ने निचोडमा सत्तारुढ दलहरू पुगेपछि यो विधेयक अगाडि बढेको हो ।

**मासिँदै...**

स्थानीय बताउँछन् । २०७५ असोज १२ गते बसेको सुदूरपश्चिम प्रदेशको बैठकले गोदावरी नगरपालिकाको वडा २ र ४ मा पर्ने तेघरी जंगललाई प्रदेशको राजधानी बनाउने घोषणा गरेको थियो ।

राजधानी घोषणा भएसँगै नजिकै रहेको हनुमान मन्दिर परिसर क्षेत्र, गोदावरी आर्यघाट जाने क्षेत्र तथा चुरे पहाडको चुनेपानी, समाधि गडा, भ्यागुत्तेपानी, बाँसपानी क्षेत्र अतिक्रमणमा परेको छ । यसलाई कतिपयल वनको जग्गामा प्रदेश सरकारले आखाँ लगाएको भनेर आलोचना गरेका छन् ।

राजधानी बसेपछि भू -तथा वन माफियाहरुले आसपासका क्षेत्रमा रहेका रुख तथा वुट्यान फँडानी गरेर बस्ती बसालेका छन् । केहीले खेतीपाती गरिरहेका छन् । यो क्षेत्रमा बाढी पीडित, सुकुमबासीका नाममा जंगल छेउमा बस्दै आएकाहरू पछिल्लो समय सीमा मिच्दै जमिन बढाउन थालेको सब डिभिजन वन कार्यालय अत्तरियाका प्रमुख निराजन कडाल बताउँछन् ।

धनगढी तथा अत्तरिया र तराईका अन्य भागमा जमिनको मूल्य महँगो भएसँगै सुकुमबासी तथा आर्थिक अवस्था कमजोर भएकाहरु राजधानी नजिक बस्ने भन्दै चुरे क्षेत्रमा फँडानी गरिरहेका छन् । सुगमता हेर्दै भीमदत्त राजमार्ग वरपरको जमिन अतिक्रमणको चपेटामा पर्दै आएको हो ।

कैलाली, कञ्चनपुरमा अतिक्रमणको दर बढ्दो भए पनि पहाडी जिल्लामा भने कम छ ।

कैलालीमा बढ्दो सहरीकरण, प्रदेश राजधानी, शिक्षा, स्वास्थ्यका साथै अन्य सुविधाका कारण यहाँको वन क्षेत्रमा पहाडी क्षेत्रबाट बसाइँ सरेर आएकाहरुले अतिक्रमण गर्ने गरेका छन् ।

पहाडी क्षेत्रमा शिक्षा, स्वास्थ्य तथा रोजगारको अवसर कम हुनु र गाउँमा सवारी साधनको पहुँच नहुँदा त्यहाँका नागरिक सुविधाको खोजीमा बसाइँसराइँ गर्दै तराई झर्ने गरेका छन् । तराईमा महँगो जग्गा र पहुँच नभएकाहरुले जंगल तथा राजमार्ग छेउछाउ र चुरे क्षेत्र अतिक्रमण गर्दै बस्ती बसाउने गरेका छन् ।

विकास निर्माण कार्य होस् या कुनै राजनीतिक स्वार्थका लागि भागवण्डा गर्दा होस् जो कोहीले वनलाई नै निसाना बनाउँदै आएको सामुदायिक वन अधिकारकर्मी डण्डीराज सुवेदी बताउँछन् ।

उनले सरकारले नै वन क्षेत्रको जमिन बाँड्दै जाने हो भने भोलि पर्यावरणका दृष्टिले नेपालमा ठूलो असर पर्न जाने बताए ।

सरकारले अहिले भने विभिन्न विकास निर्माणका नाममा भन्दै जंगलको जमिन बाँडिदै आएको उनी बताउँछन् ।

तराईमा जमिन किनेर बस्न आम्दानीको स्रोत नभएकाहरु राजमार्ग छेउ छाउमा चुरेकै जमिन अतिक्रमण गरी घर टहरा बनाइ बस्ने गरेको सव डिभिजन वन कार्यालय सहजपुरका प्रमुख लोकराज दाहाल बताउँछन् ।

**जंगलका...**

सबै वन अतिक्रमणको चपेटामा परेका छन् । पछिल्लो समयमा नक्कली सुकुमाबासी अतिक्रमणमा सक्रिय बनेका छन् । सुकुमबासी समस्या समाधान गर्न भन्दै सरकारले भूमि आयोग गठन गरेसँगै नक्कली सुकुमबासीले वन अतिक्रमण गरेर बस्ती बसाइँ नापाजाँचको काम अगाडि बढाएका छन् ।

सरोकारवालाहरूका अनुसार सानो समूहले निश्चित टहरा बनाउँछन्, निश्चित समयभित्रै परिवार र आफन्त बोलाएर गाउँ नै बनाइ दिन्छन् । पछि त्यही गाउँलाई अव्यवस्थित बसोबासी भन्दै जग्गा दर्ताका लागि स्थानीय तहमा सिफारिस माग्न पुग्छन् । यस्तो प्रवृत्तिले चुरे संरक्षणमा समस्या पैदा गरिरहेको छ ।

**एकता...**

समस्याबारे छलफल गरेको समितिका सचिव तारानाथ अर्यालले जानकारी दिए ।

सो अवसरमा शुभकामना मन्तव्य राख्दै समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरूको नवीकरण गर्न मन्त्रिपरिषद्ले निर्णय गरिसकेको अवस्थामा पनि अनुगमन नसकिएका कारण नवीकरण नहुँदा फेमिसमा डिएक्टिभ भएकाले समस्या परेकाले प्रक्रिया पुऱ्याइ यथाशीघ्र नवीकरण गरिदिन आग्रह गरे । नेपाली कामदार जाने प्रमुख गन्तव्य मलेसिया बन्द रहेको र युरोपेली मुलुकमा रहेको मागपत्र प्रमाणीकरणमा समस्या देखिएकाजस्ता विषयमा पनि ध्यान दिन अध्यक्ष पाण्डेले नवनियुक्त महानिर्देशक खत्रीको ध्यानाकर्षण गराए ।

समितिका सचिव अर्यालले संस्थागतभन्दा व्यक्तिगत श्रम स्वीकृतिमा नेपाली वैदेशिक रोजगारीमा जाने जोखिमपूर्ण प्रवृत्ति देखिएकोमा महानिर्देशक खत्रीको ध्यानाकर्षण गराउँदै आन्तरिक रोजगारीको पर्याप्तता नहुँदासम्म वैदेशिक रोजगारीको विकल्प नभएकाले वैदेशिक रोजगारीलाई झन्झटमुक्त बनाउन महानिर्देशकको समन्वयात्मक भूमिका हुनुपर्ने धारणा राखे ।

अध्यक्ष पाण्डेको नेतृत्वमा गएको टोलीमा नेपाली लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका प्रथम उपाध्यक्ष विनोदजंग केसी, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका सचिव सुशील केसी, समितिका सदस्यहरू राज केसी, भीष्म शिवाकोटी, यामबहादुर जिसी, मिठू गौतम, राधा बुढाथोकी, जगत नारायण श्रेष्ठ, शुभेन्द्र खत्री, महेश श्रेष्ठ, बलभद्र ढकाललगायतका व्यवसायीहरू सहभागी रहेका थिए । शुभकामना कार्यक्रमको सञ्चालन र संयोजन सचिव अर्यालले गरेका थिए ।

सो अवसरमा महानिर्देशक खत्रीले एकता समितिद्वारा प्राप्त शुभकामना र बधाईप्रति धन्यवाद दिँदै व्यवसायीबाट प्राप्त सुझावलाई हृदयंगम गर्दै सेवा प्रवाहमा तदारुकताका साथै कर्मचारी परिचालन गर्ने तथा व्यवासायी र कामादारका हितलाई केन्द्रबिन्दुमा राखेर कार्य सम्पादन गर्ने आश्वासन दिए ।

**बन्द...**

सभाको बैठकमा भनेकी थिइन् । शिक्षा मन्त्रालयका अनुसार विद्यार्थी भर्नामा देखिएको कानुनी उल्झनका कारण पछिल्लो दुई वर्षमा मुलुकभरका २२८ वटा प्राविधिक शिक्षालय बन्द भएका छन् । सिटिइभिटी अन्तर्गत सञ्चालनमा रहेका संस्था चिकित्सा शिक्षा आयोगले तय गरेको नयाँ व्यवस्थाका कारण बन्द भएका हुन् ।

दुई वर्षभित्रमा बन्द भएका शिक्षालयमध्ये प्रिडिप्लोमा तहका स्वास्थ्य विषयका १३७ वटा, डिप्लोमा तहका (स्टाफ नर्सको पढाइ हुने) ७३ वटा, स्नातक तह (बिएन) का १० वटा र बिएस्सी नर्सिङका ८ वटा छन् ।

सरकारले चिकित्सा शिक्षा आयोगमार्फत यस्तो व्यवस्था लागु गर्दा आफूहरुको लगानी जोखिममा परेको शिक्षालय सञ्चालकले गूनासो गर्दै आएका छन् ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मा स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षालयले दुई वर्षभित्र एक सय शय्याको आफ्नै अस्पताल हुनुपर्ने व्यवस्था छ । उक्त ऐन आउनुअघि नर्सिङ कलेजलाई एक सय शय्याको आफ्नै अस्पताल नभए पनि अन्य अस्पतालसँग सम्झौता गरेर पठनपाठन सञ्चालन गर्न सकिने व्यवस्था थियो । उक्त व्यवस्था कार्यान्वयन गर्न कठिन हुने शिक्षालय सञ्चालकको दाबी छ ।

यहीबेला शिक्षामन्त्री भट्टराईले निजी क्षेत्रले माग गर्दै आएको विषय सम्बोधन गर्न नसकिएको बताएकी हुन् । मन्त्री भट्टराईका अनुसार सिटिइभिटी कुन तहको भन्ने विषयलाई ऐनबाट निरुपण गर्न लागिएको छ ।

'सिटिइभिटी विद्यालय स्तरको हो वा इन्टर मेडियत लेभलको हो यसबारेमा हामी अझै पनि स्पष्ट छैनौं' उनले भनिन् । सिटिइभिटीको २०४५ सालकै कानुनमा आधारित भएर काम गरिरहेकाले यसमा स्पष्टता हुन नसकेको उनको भनाइ रहेको छ ।

उनका अनुसार यी कारणले नर्सिङलाइ कसरी संचालन गर्ने भन्ने विषयमा दुविधा उत्पन्न भएको हो ।

'आज पनि सिटिइभिटीको २०४५ सालकै कानुनमा आधारित भएर काम गरिरहेका छौं । अर्कोतिर उच्च शिक्षा भनेर ब्याचलरदेखि माथिको अध्यापन गराइरहेका छौं । यसलाई स्पष्ट नगरी हामीले नर्सिङलाई कसरी संचालन गर्ने भन्नेबारेमा दुविधा उत्पन्न भएको छ' उनले भनिन् । आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रुपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्था तथा सीपको स्तर निर्धारण गर्ने उदेश्यले २०४५ सालमा 'प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन' बनाएको थियो ।समयसापेक्ष ऐन संशोधन नहुँदा कतिपय दुविधाहरु उत्पन्न भएकाले एकीकृत ऐन बनाउने गरी सरकारले गृहकार्य अगाडि बढाएको मन्त्री भट्टराईले जानकारी दिइन् ।

# स्थानीय जातीय विभेद, छुवाछूत अनुगमन समिति गठन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ भदौ

रौतहटको वृन्दावन नगरपालिकामा राजेश कुमार पासवानको संयोजकत्वमा जातीय विभेद तथा छुवाछूत अनुगमन गठन गरिएको छ । स्थानीय स्तरमा जातीय विभेद तथा छुवाछूत जस्ता घटनाहरुलाई नियन्त्रण तथा निगरानी गर्ने उद्देश्यले प्रत्येक गाउँपालिका तथा नगरपालिकामा एक जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहनेगरी मधेश प्रदेशको ८ वटै जिल्लाहरुको हरेक पालिकाहरुमा सो समितिको गठन भइरहेको छ ।

जातीय विभेद तथा छुवाछूतको घटनाहरुको अध्ययन, अनुगमन तथा जातीय विभेद तथा छुवाछूत सम्बन्धी कानूनको कार्यान्वयन, रेखदेख, निवन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका लागि प्रदेशस्तरमा पनि सो जातीय विभेद तथा छुवाछूत अनुगमन समिति गठन भइसकेको हो ।

गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले तोकेको दलित सदस्य मध्येबाट छानिएको एकजना व्यक्तिलाई संयोजकमा मनोनित गर्ने प्रावधान रहेकोले सो समितिको संयोजकमा सोही पालिकाका कार्यपालिका सदस्य राजेश कुमार पासवानलाई मनोनीत गरिएको हो ।

त्यसैगरी दलित अधिकारको



क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्तिमध्ये स्थानीय सरकारले मनोनित गरेको स्थानीय एकजना महिला र एकजना पुरुषसहित दुई जनालाई सदस्यमा राख्ने प्रावधान रहेकोले सदस्यमा लक्ष्मीनिया देवी र सुरेश पासवानलाई मनोनय गरिएको हो ।

त्यस्तै गाउँ तथा नगरपालिकाका कार्यपालिकामा प्रतिनिधित्व गर्ने एक जना दलित सदस्यलाई उक्त समितिको सदस्यमा राख्ने प्रावधान रहेकोले सो समितिको अर्को सदस्यमा पुनम देवीलाई चयन गरिएको छ । प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने राजनितिक दलको प्रतिनिधि कम्तीमा चार जना सदस्य राख्ने प्रावधान रहेकोले राजनीतिक दलहरुको तर्फबाट राधेश्याम बैठा,रामजिवन राम,सुखल दास तत्मा,रिक्षण राम र सो पालिकाको सामाजिक शाखा अधिकृत रासनरायण पटेललाई सदस्य सचिवमा चयन गरिएको हो ।

उक्त समितिले दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय स्तरमा प्रचार-प्रसार र पैरवी गर्ने,दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने,दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीयस्तरमा गर्नुपर्ने कार्यको लागि प्रदेश अनुगमन समितिलाई प्रतिवेदन तथा पृष्ठपोषण गर्ने,दलित उपरको भेदभाव विरुद्धको कानून कार्यान्वयन गर्न सहयोग गर्ने गराउने,स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्यहरु गर्ने,दलित विद्यार्थीको नि:शुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउने सम्बन्धी सम्पुर्ण काम गर्ने, गराउने,दलित विकास तथा उत्थानका लागि स्थानीय सरकारबाट बजेट विनियोजन गरी पारित गर्ने, गराउने र दलितहरुको अगुवाइमा उक्त कार्यक्रम कार्यान्वयन गराउन सहयोग गर्ने,जातीय छुवाछूतका घटना हुन नदिन नगर तथा गाउँस्तरमा चेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने,तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने, समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम कार्य गर्नेछ ।

# द्वन्द्व पीडितलाई सीपमूलक तालिम प्रदान गरिनेछ : मन्त्री भण्डारी




**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ भदौ

कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले सशस्त्र द्वन्द्व पीडित परिवारका व्यक्तिहरूलाई सीपमूलक तालिमको व्यवस्था गरिने प्रतिबद्धता जनाएका छन् । द्वन्द्वपीडित परिवारका सदस्यहरूले आफ्नो आवश्यकता बमोजिमको तालिम माग गरेको अवस्थामा व्यावसायिक सीपयुक्त तालिमका लागि सुविधा दिइने बताए ।

बलपूर्वक बेपता पारिएका पीडितहरुको १४औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित संक्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयकको कार्यान्वयन पक्ष र भावी कार्यदिशा विषयक अन्तर संवाद कार्यक्रममा धारणा राख्दै मन्त्री भण्डारीले आफ्नो सचिवालयमा समेत द्वन्द्वपीडित परिवारका लागि ढोका खुला रहेको जानकारी गराए ।


कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले विगतका पीडालाई बिर्सेर अहिले न्यायिक भूमिकामा रहन सबैलाई आग्रह गरे ।

कर्णाली प्रदेश मामिला समितिका सभापति एवम् प्रदेश सभा सदस्य कल्याणी खड्काले द्वन्द्वपीडितको मुद्दा ओझेलमा पार्न नहुने बताइन् । उनले द्वन्द्व प्रभावित व्यक्ति र उनीहरूका परिवार अझै पीडितमा भएको धारणा राखिन् । राज्यका निकायले केही सकारात्मक कार्यहरू गरेपनि अझै चित्त बुझाउन नसकिने उनको भनाई थियो। द्वन्द्वपीडितको विषय संसद्मा उठाउने र आवश्यक नीति ल्याउन पहल गरिने सभापति खड्काले प्रतिवद्धता जनाइन् ।

कार्यक्रममा, सुर्खेत जिल्ला समन्वय समितिका उपाध्यक्ष सचिन बडुवालले राज्य वा विद्रोही दुवै पक्षबाट पीडित व्यक्तिहरूलाई न्याय दिने कुरामा कमजोरी गर्न नहुने बताए। तर, सरकारले ल्याएको ऐनमा आयोग बनाउने, सदस्य नियुक्ति गर्ने कममात्रै हुने वा न्याय पाउने भन्ने कुरा अन्यौल भएको बताए ।

मानव अधिकार रक्षक समूहका पिताम्बर ढकालले द्वन्द्वका मुद्दाहरू खुलेर दर्ता गर्नसक्ने वातावरण सरकारले दिनुपर्ने धारणा राखे । उनले बेपत्ता पारिएका व्यक्तिहरुको एकीकृत विवरण अझै प्रष्ट नभएको बताए । द्वन्द्वपीडित र राष्ट्रिय भावना अनुरुप आयोग गठन गरेर न्याय दिनुपर्ने जिकिर गरे । एकल महिला द्वन्द्व पीडित राष्ट्रिय सञ्जालको केन्द्रीय उपाध्यक्ष शितलसिंह राठौरले सरकारले ल्याएको कानुनले न्याय दिनेमा विश्वास व्यक्त गरिन् । उनले स्थानीय र प्रदेश सरकार हरुले द्वन्द्वपीडित लक्षित कार्यबिधि बनाएर विभिन्न किसिमका सीपयुक्त तालिम दिन आग्रह गरिन् । कार्यक्रममा सहभागी द्वन्द्व पीडितको आफूहरुले अहिलेसम्म राज्यले न्याय दिन नसकेको गुनासो गरे । उनीहरुले विगतमा भोगेको द्वन्द्वको घाउ अझै निको नभएको बताउँदै सरकारबाट अझै अपेक्षा गरिएको बताए ।

# उज्यालोको तिज क्यान्सरविरुद्ध




**सुरेश भट्ट आश्रिन/मध्यान्ह**
रुपन्देही, १४ भदौ

'उज्यालो लाल्टिन प्रतिष्ठान' रुपन्देहीले प्राणघातक रोग क्यान्सरविरुद्ध लडिरहेका कवि नवराज न्यौपानेको सहयोगार्थ हरितालिका तिजको दर खाने कार्यक्रम गर्ने भएको छ ।

सामाजिक रूपान्तरण, सभ्य समाज र आदर्श नागरिक निर्माणार्थ 'समाजको पारदर्शिता, साहित्य र पत्रकारिता' भन्ने मूल नारा बोकेर स्थापित संस्था उज्यालो लाल्टिन प्रतिष्ठानले क्यान्सर रोगका विरुद्ध लडिरहेका कवि न्यौपानेको सहयोगार्थ देवदह नगरपालिका र स्थानीय सहकारीले आयोजना गर्ने तिजको दरखाने कार्यक्रममा 'सपनाका लहरहरू' कृति तिजको दर खान आउने महिलाहरूलाई लक्षित गर्दै पुस्तक स्टल सञ्चालन गर्न लागेको प्रतिष्ठानकी अध्यक्ष समज्ञा अधिकारीले जानकारी दिइन् ।

काभ्रे निवासी कवि न्यौपाने लामो समयदेखि क्यान्सर रोगसँग लडिरहेको र क्यान्सरसँग लडिरहँदा अस्पतालको शैयाबाटै उनले लेखेको पुस्तक 'सपनाका लहरहरू-२' प्रकाशित भएको थाहा पाएपछि उपचाररत कवि न्यौपानेलाई आर्थिक सहयोग जुटाउने उद्देश्यले पुस्तक बिक्री अभियान सञ्चालन गरिएको हो ।

देवदह नगरपालिका र सहकारीले शनिबार र आइतबार हरितालिका तिजको दर खाने कार्यक्रम आयोजना गर्दैछ । उक्त कार्यक्रम आउने आमा दिदीबहिनीहरुलाई कवि न्यौपानेको उपचारार्थ पुस्तक खरिद गरी सहयोग गरिदिन प्रतिष्ठानले आग्रह गरेको छ ।

# सुदूरमा गौराको रौनक

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १४ भदौ



पछिल्ला दिनहरुमा सुदूर पहाडका जिल्लामा गौराको रौनक बढ्दै गएको छ । केही डेउडा खेल, कही धुमारी त कही चैतलीका भाकाहरु सुन्न सकिन्छ ।

गौरा विशेषगरी कर्णाली र सुदूरपश्चिममा मनाउने गरिन्छ । पछिल्लो समयमा यस क्षेत्रबाट बसाइँसराइ जाने नागरि हरुले पनि आफु बसोबास गर्ने क्षेत्रमा गौरा विभिन्न तरिकाले मनाउँदै आएका छन् ।

बुढापाकाहरुले डेउडा, चैतली, धुमारी गाएर गौरा मनाउने गर्थे भने अहिलेको युवा पीडि भने यस विषयमा खासै जानकार छैनन् ।

पछिल्लो समयमा युवा पीडिमा कला, संस्कृति जर्गेना गर्नका लागि स्थानीय तह तथा संघसंस्थाले विभिन्न कार्यक्रमको आयोजना गर्ने गरेका छन् ।

यस्तै डडेल्धुरामा 'राष्ट्रिय गौरा महोत्सव २०८१' विगतका वर्षहरूझैं यसवर्ष पनि राधाकृष्ण मन्दिर विकास समितिको आयोजनामा बागबजार बसपार्कमा 'राष्ट्रिय गौरा महोत्सव २०८१' बुधबारबाट शुरु भएको हो ।

डडेल्धुराका प्रमुख जिल्ला अधिकारी अञ्जन न्यौपानेले बुधबार महोत्सवको उद्धाटन गरेका हुन् ।

स्थानीय कला संस्कृतिको सम्मान तथा युवापिँढीमा हस्तान्तरण होस् भन्ने महोत्सवको उद्देश्य रहेको आयोजक राधाकृष्ण मन्दिर विकास समिति डडेल्धुराका अध्यक्ष देवराज भट्टले जानकारी दिए ।

महोत्सवमा गौरा नाच, बालो नाच, चैत, धुमारी, देउडा जस्ता सांस्कृतिक कार्यक्रमहरू हुँदैछन् । महोत्सवमा सहभागी भएर आफ्ना सांस्कृतिक धरोहरको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउन राधाकृष्ण मन्दिर विकास समितिले आग्रह गरेको छ । बुधबारदेखि शुरु भएको महोत्सव गौरा देवीको धार्मिक परम्पराअनुसार भदौ १५ गते विसर्जन गरी महोत्सवको समापन गरिने समेत अध्यक्ष भट्टले जानकारी दिए ।

### गौराको महत्व

पञ्चमीदेखि हुरु हुने गौरा पर्वको पहिलो दिन बिरुडा (गहुँ, गहत, गुराँस, सानो केराउ, मास) भिजाउने चलन रहि आएको छ । बिरुडालाई पञ्चाखिरी शिव मन्त्रको प्रतिक मानिने गरिन्छ । बिरुडा भिजाएर शुरु हुने पर्वको दोस्रो अर्थात् षष्ठीका दिन गेडागुडीलाई नजिकैको नदी, पोखरी वा धारामा धुने गरिन्छ।

सप्तमीका दिन महिलाहरु खेतमा गएर धान, बलु, कुस, दुबो, साउँ, पाती, कुर्जो, तिल र अपमार्ग गरी नौ प्रकारका बिरुवाहरुलाई गौराको रुपमा भित्र्याउने चलन छ। आयुर्वेदको दृष्टिकोणले महत्वपूर्ण यी बिरुवालाई नवदूर्गाको प्रतीकको रुपमा लिने गरिएको छ । यसैलाई गौरा भन्ने गरिन्छ ।

### गौराको इतिहास

'गौरा' शब्द संस्कृत साहित्यको 'गौरी' शब्द बाट अपभ्रंश हुँदै उत्पन्न भएको हो । हिन्दु धार्मिक ग्रन्थमा माता पार्वतीको सुन्दर स्वरूपको रूपमा गौरीको वर्णन गरेको पाइन्छ । यस पर्वमा विशेष गरेर माता पार्वतीले भगवान् शिवलाई पति पाउन गरेको ध्यान, तपस्या लगायत स्थानीय मौलिकतामा आधारित शिव शक्तिको मिलनको कथा गौरा गीतमा वर्णन गरिएको छ। सतीदेवीले यज्ञकुण्डमा आत्मदाह गरेपछि भगवान् शिवले भावविह्वल भई सतीदेवीको शवलाई बोकेर संसारको भ्रमण गर्ने क्रममा सतीदेवीका अङ्ग पतन भएको ठाउँमा शक्तिपीठ र भगवान् शिवले विश्राम गरेको ठाउँमा शिवालय उत्पन्न भएको देखिन्छ ।

### परदेशीहरू घर फर्कंदै

सुदूरमा गौरा भित्रिएसँगै अरु चाडपर्वहरु पनि भित्रिने गर्दछन् । विशेष गरी गौरापछि दशैं तिहार, होली, नयाँ वर्ष मुख्य चाडपर्वको रुपमा रहेका छन्। चाडपर्व मनाउनुका लागि कामका सिलसिलामा घर बाहिर गएकाहरु घरमा आउने गर्छन् ।

# जग्गा खोज्दै प्रशासन पुगे शितगंगा १२ का स्थानीय



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ भदौ

शितगंगा नगरपालिका वडा नं.१२ का देवेन्द्र पौडेलको शितगंगा १२ डोहोटेमा बसाइँ छ । उनको परिवार त्यही ठाउँमा खेतीपाती गरेर जग्गाको संरक्षण गरी दैनिक गुजारा गर्दै आएको छ । सरकारी रेकर्ड हेर्दा पौडेलको जग्गा नक्सामा छैन । जसले गर्दा उनी चिन्तित बनेका छन्। उनी मात्र होइन उनी जस्ता दर्जनौं घरपरिवारको लालपुर्जा भएपनि जग्गा नक्सामा छैन ।

जग्गाको नक्सा नभएको तर लालपुर्जा आफ्नो नाममा रहेको रातो लालपुर्जा बोकेर पौडेल सन्धिखर्क विशेष नापी कार्यालयमा पुगेर अमिनसँग जग्गाको नक्सा खोज्न थालेको धेरै भयो, तर उनको समस्या समाधान भने हुन सकेको छैन् । लालपुर्जा भएको जग्गा नापजाँचका लागि विशेष नापी र मालपोत कार्यालय सन्धिखर्क पुग्दा पनि दर्जनौं स्थानीहरुको समस्याको कुनै सुनुवाइ नभएको स्थानीय मोहन प्रसाद बन्जाडेले गुनासो गरे।

१२ नम्बर वडाका स्थानीयले पुर्खाहरुदेखि अहिलेसम्म सयौं वर्ष आफूले भोग चलन गरेको जग्गाको नयाँ लालपुर्जा पाउन नसकेपछि आन्दोलनका लागि आएपनि सुनुवाइ नभएको उनको चिन्ता छ ।

२०५७ सालमा मालपोत कार्यालय अर्घाखाँचीबाट आफुहरुले प्राप्त गरेको लालपुर्जा आफूहरुको बाकसमा रहेको र सोही पुर्जाको आधारमा शितगंगा नगरपालिकामा तिरो तिर्दै आएको भएपनि अहिले नयाँ पुर्जा पाउन नसकेपछि आफुहरु सुकुम्वासी जस्तै भएको शीतगंगा-१२ का स्थानीय जीवन गैरेले बताए ।

अर्घाखाँची जिल्लाभर विशेष नापीले जग्गा नापी गरेर सक्दा पनि आफुहरुको जग्गा नापजाँच नभएपछि जग्गा नाप जाँच गरेर आफुहरुले नापीबाट नक्सासहितको पुर्जा पाउनुपर्ने मागसहित नाराबाजी गर्दै सयौं जनाले जिल्ला प्रशासन कार्यालयमा अर्घाखाँची पुगेर सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यायलाई ज्ञापनपत्र बुझाइ जग्गा माग गरेका छन् ।

सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले २०५९ र २०६१ सालमा गरेको सन्धिखर्क सदरमुकाम आक्रमणमा जग्गासम्बन्धी सबै कागजात जलेर नष्ट भएको कारण समस्या उत्पन्न भएको सरकारी अधिकारीहरु बताउँछन् । त्यसपछि अर्घाखाँची जिल्लामा पुनः नापीबाट जग्गा नापी गरी नयाँ लालपुर्जा वितरण शुरु गरेपछि धेरैले नक्सासहित पुर्जा प्राप्त गरेका छन्।

वडा कार्यालय, नगरपालिकाको कार्यालय, विशेष नापी कार्यालयलगायत कार्यालयमा पटक-पटक ध्यानाकर्षण गराउँदा पनि आफूहरूको माग सुनुवाइ नभएपछि स्थानीय प्रमुख जिल्ला अधिकारीसमक्ष पुगेका हुन् ।

शीतगंगा नगरपालिका-१२ को खुम्चीकोट, पिरापानी, खलेयाखर्क, दमारे, धौलेटाकुरा, दरबारे, टिकरी, जलुके, टर्रेलगायतका झण्डै १ सय ६० जनाले तिरो तिरेको रसिद र पुरानो जग्गाधनी पुर्जा देखाउँदा पनि नयाँ पुर्जा पाउन नसकेको पिरापानीका स्थानीय खगेन्द्र गैरेले बताए । २०४० सालमा एकसरो नापी भएको नक्सा र अहिले त्यस स्थानका स्थानीयले भोगचलन गरेको जग्गाको नक्सा नमिलेपछि पुर्जा दिन नसकेको विशेष नापी कार्यालय अर्घाखाँचीका प्रमुख डिल्लीराज भण्डारीले मध्यान्हलाई जानकारी दिए। यस्तो समस्याबारेमा विभाग र मन्त्रालयमा जानकारी पनि गराएको भण्डारीको भनाइ छ ।

स्थानीयले अहिले भोगचलन गरेको जग्गा छ, नापी पनि पुनः गरिएको भएपनि २०४० सालको नापीको नक्सामा जंगल देखिएकाले पुर्जा दिन नसकेको नापी कार्यालयले जानकारी गराएपछि आफु भुमिसुधार मन्त्रालयमा पुगेर त्यहाँको समस्याबारे विभागिय सचिवसँग समेत छलफल गरेकोले यसको निकास छिटो निकाल्नुपर्ने शितगंगा नगरपालिकाका प्रमुख छबिलाल पौडेलले बताए ।

# जुम्लाको पातारासी-५ बालमैत्री स्थानीय शासन वडा घोषणा



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १४ भदौ

जुम्लाको पातारासी गाउँपालिकाको-५ वडा बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ । 'बालमैत्री स्थानीय शासन वडा घोषणा कार्यविधि-२०७९'ले निदृष्ट गरेका ५१ वटा सूचकमध्ये ८८ प्रतिशत पूरा गरेको भन्दै उक्त वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको हो ।

पातारासीको ५ वडालाई शुक्रबार औपचारिक कार्यक्रमकाबीच बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आर्चायले बताए। उनले बालबालिकाका क्षेत्रमा पातारासीले गरेको काम महत्वपूर्ण रहेको बताए । उनले घोषणापछि स्थानीय सरकारले प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरे ।

त्यस्तै पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह पातारासी गाउँपालिकाले पहिलो वडाका रुपमा-५ वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको बताए। उनका अनुसार पातारासीको स्थानीय सरकार बालबालिकाको विकासतर्फ लागि परेको छ । उनले भने,'पातारासीका बालबालिकाहरुको स्वास्थ्य, शिक्षामातर्फ पनि प्राथामिकता दिइएको छ। उनका अनुसार किर्डाक नेपालको समन्वय सहकार्यमा पातारासीमा बालबालिकाका सवाललाई कार्यान्वयन गर्नतर्फ लागेका छौं ।'

त्यस्तै जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले बालबालिकाको क्षेत्रमा लगानी गर्न आवश्यक रहेको बताए । उनले राज्यले नै बालबालिकाका हक अधिकारलाई विशेष रुपमा रहेरेको छ। उनले सरकारको लक्ष्यलाई सफल बनाउन बालमैत्री स्थानीय शासन वडादेखि पालिका घोषणा गर्न सबैलाई आग्रह गरे।

त्यस्तै पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले पातारासीले बालबालिकासँग सम्बन्धित सकारात्मक कार्यक्रम वा योजनाहरूलाई प्रथामिकथा दिएको बताइन्। उनले बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा, र समग्र विकासमा ध्यान केन्द्रित पालिका लागि परेको बताइन् । उनले महिला सशक्तिकरण, बाल सहभागितालाई सूनिश्चित गरेको दाबी गरिन् ।

त्यर्स्तै पातारासी गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख भगवती गिरीले बालबालिकाको अधिकार कानूनी, सामाजिक र नैतिक अधिकारहरूलाई कार्यान्वयन गर्नतर्फ लागेको बताइन् । बालबालिकाको सुरक्षामा, स्वास्थ्यमा, शिक्षा र समग्र विकासमा मद्दत गर्ने उद्देश्यले वडा घोषणा गरेको बताए । उनका अनुसार हरेक बालबालिकाले स्वस्थ जीवन बिताउने र शारीरिक, मानसिक, र सामाजिक विकासको अवसर आउने उनीहरुको अधिकार हो ।

बालबालिकालाई कुनै पनि प्रकारको शोषण,बलात्कार वा हिंसाबाट सुरक्षित रहने राख्नु अहिलेको चुनौती देखिएको छ । उनले भनिन्,'पातारासीले बाल बचाउ, बाल संक्षरण,बाल विकास र बाल सहभागिताका लागि विशेष प्राथमिकता दिँदै आएको छ। ५१ सूचकमध्य ८८ प्रतिशत प्रगती हासिल गर्न पालिकाले विभिन्न गतिविधि गरेको छ ।'

यसअघि सोही वडालाई जुम्लाकै पहिलो बालविवाह मुक्त वडादेखि बालमैत्री वडा घोगणा गरिएको थियो । जुम्लाको पातारासी गाउँपालिका वडा नं ५ बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ। जुम्लाका ६० वटामध्ये दोस्रो वडाका रुपमा पातारासी-५ लाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको हो । यसअघि जुम्लाकै पहिलो बालमैत्री स्थानीय शासन वडाको रुपमा तिलागाउँपालिकाको ६ वडा गरिएको थियो ।

# बडगाई खोलामा कल्भर्ट निर्माण

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १४ भदौ



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ४ र ९ को बीचमा रहेको बडगाई खोलामा कल्भर्ट निर्माण गरिएको छ । छिनखेतका सम्पूर्ण व्यापारीहरुको सहजीकरणमा कल्भर्ट निर्माण गरिएको स्थानीयले जानकारी दिए।

कल्भर्ट निर्माणका लागि यति बिल्डर्स प्रा.लि.ले स्काभेटर र ह्युमपाइप सहयोग गरेको थियो भने बाँफिकोट गाउँपालिकाले सय लिटर तेल उपलब्ध गराएको थियो । कल्भर्ट निर्माण भएपछि खलंगा आवातजावत तथा अन्य कामका लागि सहज भएको स्थानीयहरु बताउँछन् ।


## बहराइनमा रोजगार

कम्पनी : GULF HOTELS GROUP - GULF HOTEL ULTRA LUXURY 5 STAR HOTEL
शहर : BAHRAIN

पूर्व स्वीकृत मिति: २०८१/०५/१४ चलानी नं.: ६०२२४४८० LT. No.: 309806

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Manager | 3 | 2 | स. काममा दक्ष | 500 | १७७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bartender | 20 | 10 | | 180 | ६३,९४३ | | | | | | | |
| 3. | Chef De Partie | 20 | 10 | | 250 | ८८,८१० | | | | | | | |
| 4. | Commis 1 | 20 | 10 | | 180 | ६३,९४३ | | | | | | | |
| 5. | Commis 2 | 10 | 10 | | 150 | ५३,२८६ | | | | | | | |
| 6. | Commis 3 | 10 | 10 | | 140 | ४९,७३४ | | | | | | | |
| 7. | Demi Chef | 20 | 10 | | 200 | ७१,०४८ | | | | | | | |
| 8. | Guest Arrangement Service/guest Service Agent/rece | 20 | 10 | | 200 | ७१,०४८ | | | | | | | |
| 9. | Hostess | 30 | 15 | | 180 | ६३,९४३ | | | | | | | |
| 10. | Housekeeper/room Attendant | 30 | 15 | | 140 | ४९,७३४ | | | | | | | |
| 11. | Outlet Manager | 3 | 2 | | 560 | १९८,९३४ | | | | | | | |
| 12. | Souse Chef /junior Souse Chef | 20 | 5 | | 450 | १५९,८५८ | | | | | | | |
| 13. | Spa Therapist/therapist | 20 | 10 | | 300 | १०६,५७२ | | | | | | | |
| 14. | Steward | 30 | 5 | | 130 | ४६,१८१ | | | | | | | |
| 15. | Super Visor | 4 | 3 | | 400 | १४२,०९६ | | | | | | | |
| 16. | Waiter/waitress | 30 | 15 | | 150 | ५३,२८६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २२ गते (7 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

## यूएईमा रोजगारको अवसर

कम्पनी: WAADI HIND CLEANING SERVICES CO. LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/२५ चलानी नं.: ६०२२०६९७ LT. No.:305987 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 9 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 3. | Cleaner Supervisor | 2 | 0 | | 1500 | ५४,६९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २२ गते (7 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Prakash Human Resource Pvt. Ltd.
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201
Mobile No: 9801358362/ 9801358363 / 9801358364.
श्रम इजाजत नं. १६५०/०८०/०८१
E-mail: info@prarkashhumanresource.com Website: www.prakashhumanresource.com

## कथा

# विद्रोह

गाउँलेहरूको विद्रोह यति सशक्त थियो कि मुखिया बाले केही सोच्न सक्ने स्थिति नै थिएन । गाउँलाई चारैतिरबाट मशाल जुलुस र नाराबाजीले घेरेको थियो । सबै समूहहरु घेरा कस्दै मुखिया बाको घर घेर्न पुगे । घर घेर्नुअघि नै मुखिया बा भागिसकेका थिए ।



■ सत्यजीत

जिल्ला सदरमुकामबाट केही घण्टाको दूरीमा एउटा प्राकृतिक सुन्दरताले हराभारा गाउँ थियो । जहाँ चारैतिर पहाडी भूभागको बिचमा समतल बाक्लो बस्ती थियो । गाउँको बिचमा एक जना मुखिया बाको ठुलो बङ्गला थियो । त्यहाँ जमिन पनि एकदमै मलिलो र उब्जाउयोग्य थियो । गाउँको अधिकांश जग्गा मुखिया बा कै अधिनमा थियो । थोरै थोरै जग्गा मात्रै किसानहरूसँग थियो । त्यस बस्तीका परिश्रमी र मेहनती किसानहरू मुखिया बाको खेतमा र अन्यत्र ठाउँमा ज्याला मजदुरी नगरी जीविकोपार्जन गर्न सक्दैनथे । मुखिया बा जो साह्रै धनी, शोषक र तानासाही थिए । गाउँले किसानहरूमाथि शासन, शोषण र उत्पीडन गर्नु उनको कर्म थियो ।

त्यस गाउँमा मुखिया बाको हुकुम चल्दथ्यो तर, कुनै पनि गाउँलेले मुखिया बाको बिरोध गर्ने हिम्मत गर्दैनथे । उनीले गाउँलेहरूलाई बिना ज्याला काम लगाउँथे र भूमिको जबरजस्ती कर पनि उठाउँथे । कर तिर्न नसक्ने किसानहरूको जमिन आफ्नो कब्जा लिन्थे । मुखिया बाको बोली नै त्यस ठाउँको नियम र कानुन हुन्थ्यो र मुखिया बा आफै न्याय निसाफ हेर्ने न्यायाधीश पनि आफै बन्थे । कयौं पुस्तादेखि जनताले स्वतन्त्रता, अन्याय र उत्पीडनबाट न्याय नपाउँदै आफ्नो जीवन व्यतीत गरेका थिए । मुखियाको शोषण र दमनबाट गाउँलेहरू दिन प्रतिदिन गरिबी, अशिक्षा र भोकमरीको चपेटामा पिल्सिरहेका थिए ।

गाउँमा एक जना धनवीरे नामको पढेलेखेको चलाख युवक थियो । धनवीरे कामको सिलसिलामा विभिन्न सहरहरूमा पुगिरहन्थ्यो । धनवीरेकी बहिनी सुन्तली असाध्यै सुन्दरी थिई । मुखिया बाको छोराले उसलाई घरीघरी पछ्याइ रहन्थ्यो । सुन्तलीलाई उसको व्यवहार र आचरण मन पर्दैनथ्यो । मुखियाका बाऊ-छोराको ज्यादती र अत्याचारबाट धनवीरे र गाउँलेहरू दिक्क भइसकेका थिए । धनवीरे एक दिन पल्लो गाउँमा ज्यालादारी गर्ने क्रममा विद्रोहीहरूको कार्यक्रम भइरहेको ठाउँमा पुग्यो । कार्यक्रममा विद्रोही कमान्डरले जनतालाई अन्याय र अत्याचारविरुद्ध सङ्गठित भई संघर्ष गर्नुपर्ने कुरा बताए । यस्तो कुराबाट ऊ धेरै प्रभावित भयो ।

धनवीरेले सोच्यो कि आफ्नो बस्तीका युवा साथीहरूसँग परामर्श गरेर नयाँ ढङ्गले अगाडि नबढी मुखियाको अत्याचारबाट मुक्त हुन सकिँदैन । उसले थप प्रशिक्षित हुन विद्रोहीहरूसँगको सम्पर्कलाई निरन्तरता दियो । उनीहरूले धानवीरेलाई गुप्त सङ्गठनमा सङ्गठित गरे । उसलाई राम्रोसँग प्रशिक्षण दिए र थप सशक्त नेतृत्व विकासको लागि केही पुस्तकहरू पनि दिए ।

उसले सङ्गठनको योजनाअनुसार गाउँलेहरूलाई गुप्त रूपमा भेला गराउँदै मुखियाको अत्याचारविरुद्ध सङ्गठन गर्न थाल्यो । बस्तीका ज्यामी, युवा, विद्यार्थी, महिला र किसानको अलग-अलग समूह बनायो । एक समूह र अर्को समूहकोबिचमा कुनै पहिचान नहुने गरी गुप्तरूपले सङ्गठनलाई प्रशिक्षित गर्दै गयो । यसरी बस्तीका उमेर पुगेका सबैलाई एकतामा



बाँध्न सफल भयो । उसले अन्याय र अत्याचारको विरुद्धमा विद्रोह गर्न गाउँलेहरूलाई प्रेरित गऱ्यो । सबै सङ्गठन विद्रोहको लागि अग्रपंक्तिमा उभिन तयार भए । महिलाहरूले यस आन्दोलनलाई अगुवाइ गर्ने माग राखे । धनवीरेसँग सबै सङ्गठनहरूले विद्रोह गर्न ढिलाइ भएको गुनासो गर्दै त्यसको तयारीमा छिटै जुट्नु पर्नेमा जोड दिए ।

विद्रोहको दिन नजिकिँदै थियो । गाउँलेहरूले आफूले बनाएका घरेलु हतियार, खुकुरी, हँसिया, गैंटी र खेतीपातीका साधनहरूलाई हातहतियारको रूपमा तयारी गरे । धनवीरेले माथिल्लो तहको विद्रोही नेतासँग परामर्श र प्रशिक्षण लियो । मुखियालाई पौष १९ गते साँझ ७ बजेबाट कारबाही सुरु गर्ने निर्णय भयो । उसले अत्यन्तै गुप्त रूपमा गोपनीयताका साथ सबै सङ्गठनको अलग-अलग प्रशिक्षण बैठकको तयारी गऱ्यो । उक्त बैठकमा माथिल्लो तहको विद्रोही कमान्डरलाई आमन्त्रण गऱ्यो । विद्रोही कमान्डरले बैठकमा रगत उम्लने खालको जोसिलो प्रशिक्षण दिए । सबै समूह विद्रोहको तयारीमा जुटे । धनवीरेलाई कमान्डरले कारबाही सम्बन्धी समग्र योजनाबारे खाका दिए ।

विद्रोहको अघिल्लो दिन सबै सामाग्रीको तयारी र फिल्ड रेकीको काम सम्पन्न भयो । कारबाहीको लागि सबै समूहका कमान्डरले आ-आफ्नो आर्कको कमान्ड समाल्ने र आ-आफ्नो समूहलाई तयारी अवस्थामा राख्ने निर्देशन भयो । विद्रोहका लागि आवश्यक सर्जामसहित बन्दोबस्तीको तयारी पूरा भयो ।

पौष १९ गते साँझको ६:०० बज्यो, सबै जना आ-आफ्नो आर्कतिर लागे । गाउँमा केटाकेटी र बुढापाकाभन्दा अरू कोही थिएनन् । गाउँ सुनसान र चकमन्न भयो । गाउँको माथिल्लो भागमा चारैतिर सबै समूहले एकैसाथ मशाल जुलुस निकाले र माइकबाट मुखियाको विरुद्धमा नाराबाजी लाग्यो । ठाउँ-ठाउँमा सानोतिनो विस्फोट पनि भयो, विस्फोटन र विरोधको आवाजले मुखिया बा त्रसित भए । उनले परिवारका सबै सदस्य दिएर सुरक्षित बाटो सदरमुकाम पस्ने योजना बनाए । आफूसँग भएको सुनचाँदी र पैसा बोकेर तत्कालै मुखिया बाले बाटो तताए ।

गाउँलेहरूको विद्रोह यति सशक्त थियो कि मुखिया बाले केही सोच्न सक्ने स्थिति नै थिएन । गाउँलाई चारैतिरबाट मशाल जुलुस र नाराबाजीले घेरेको थियो । सबै समूहहरू घेरा कस्दै मुखिया बाको घर घेर्न पुगे । घर घेर्नुअघि नै मुखिया बा भागिसकेका थिए । बस्तीका सबै जनताहरू विभिन्न समूहमा कारबाहीमा सहभागी थिए । यसअघि एउटै समूहमा नभएकाले अचम्मित हुँदै एक आपसमा मुखामुख गर्न थाले । आखिर सबै जनाले एउटै विचार, सङ्गठन र कारबाहीमा सामेल हुँदा गौरवको अनुभूति गरे । धनवीरेको कमान्डमा मुखिया बाको घर खानतलासी गरियो, घरमा कोही थिएनन् । धनवीरेले नयाँ युगको सुरुवात भएको घोषणा गर्दै भोलि बिहान ७:०० बजे सभामा भेला हुन सबै जनतालाई अपिल गऱ्यो । धनवीरे र फिल्ड कमान्डरहरू त्यहीँ बसेर भोलिको कार्ययोजना निर्माणमा जुटे ।

बिहानैबाट मुखियाको घर परिसरमा केटीकेटी, बुढाबुढी र सबै गाउँले भेला भए । घोषणा सभाको सुरुवात गर्दै धनवीरेले गाउँवासीलाई धन्यवाद दियो । उसले यो घोषणा गऱ्यो कि पुस्तैदेखि मुखियाको शासन, शोषण, र अत्याचारबाट हामी मुक्त भएका छौँ । अब उप्रान्त हामी नयाँ युगका नयाँ मानिस बनेर नौलो समाजको स्थापना गर्नेछौँ । सबै खाले अत्याचार र अन्यायविरुद्ध एकजुट भएर नयाँ समाज निर्माणमा जुट्न सबै जनसमुदायलाई अपिल गऱ्यो ।

धनवीरेले यस ऐतिहासिक अवसरमा यस्तो घोषणा गऱ्यो - मुखिया बाको सबै चल अचल सम्पत्ति सामुदायिकरण गरेका छौँ । यस घरलाई सामुदायिक भवन बनाइनेछ भने उसको जग्गा जमिनलाई सामुदायिक कृषि कम्युन बनाइने छ । यस सुन्दर बस्तीमा स्कुल, स्वास्थ्य केन्द्र, उद्योग, आवास गृह, खानेपानी, खेलकुद, वृक्षारोपण, वातावरण संरक्षण जस्ता कामको सुरुवात आजैबाट हुनेछ । सबै समूहहरूलाई एउटा एउटा कामको कमाण्डको जिम्मा हुनेछ ।

धनवीरेको प्रस्तावलाई सबैले गडगडाहट ताली बजाएर अनुमोदन गरे । विद्रोहमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै कम्युनलाई जीवित राख्न, सशक्तीकरण गर्न र यसको उन्नत विकास गर्ने अभियानमा सबै जना एकजुट हुन धनवीरेले आग्रह गऱ्यो । गाउँलेहरूले उल्लासका साथ स्वतन्त्रता, न्याय र मुक्तिको अनुभूत गर्दै धनवीरेको उद्घोषलाई समर्थन गर्दै खुसीयाली मनाए ।

## कविता : नारी



दुर्गा रिमाल अधिकारी

नारी कोमल हो, मिजास घरको साँचो सबै सुम्पिने
नारी बेगर हुन्न शान नरको त्यो बास रित्तो हुने
नारी फूल बनी सुवास घरमा फैलाउँदै बस्दछे
नारी हो सरिता बहाव जलको बग्ने उही जोडले ॥

नारीका मनमा अथाह करुणा जागे सबै जाग्दछ
नारीमा गुनिला सुबोध रसिला जम्मै कुरा अट्दछ
नारी हुन्न यसै कबीर पथको बाटो सबै भुल्दिए
नारी बन्न सिपालु याचक बनौँ माग्ने कुरा भइदिए ॥

नारी पर्वत पार्वती सँगसँगै डुल्छे र अग्लो बनी
नारी जीवन नारकीय नभई चम्की बनोस् चाँदनी
नारी लेखक हो सुकोमल सिधा आधार हो भाग्यको
नारी सृष्टि विधान सर्जक उनै सग्लो सखी आर्तको ॥

नारी सेवक राग द्वेष उपमा छैनन् उनी दाँजिने
नारी द्योतक हुन् सहिष्णु मनको सम् पूज्य आराध्यले
नारी जीवन फुल्न सक्छ यसरी रोप्ने जरा भइदिए
नारी जीवन झैँ हुँदैन नरको सौन्दर्य व्यर्थै हुने ॥

## कविता

### तिमी मेरी गुरूमा हौ सिकाउनका लागि



डा.सुमनकुमार रेग्मी

(१)
तिमी मेरी गुरुमा हौँ सिकाउनका लागि ।
हाम्रो सम्बन्ध सुधार्नका लागि ॥

(२)
तिमी त्यस्ती छौँ तिमीले जाकरूकका लागि ।
जिन्दगीका सफरमा तिमीसाथ बिताउनका लागि ॥

(३)
तिमी सदा पाउनको लागि तिमीलाई मायाका लागि ।
तै पनि तिम्रो भेटका सधैँ नभई कहिले काहीँ हाँस्नका लागि ॥

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | झुटो आरोप लाग्न सक्छ । शिक्षामा लाभ प्राप्त हुनेछ । |
| वृष | : | राजनैतिक कार्यमा रोकावट आउने योग छ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| मिथुन | : | वाणी संयम राख्नुहोला । जोखिम लिनु हुँदैन । |
| कर्कट | : | सन्तान सुख प्राप्त हुनेछ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| सिंह | : | आत्मबल बढ्दै जानेछ । आयको नौलो स्रोत बन्नेछ । |
| कन्या | : | अनावश्यक विवाद हुने योग छ । बढी व्यस्तता रहनेछ । |
| तुला | : | आकस्मिक धन लाभको योग छ । प्रियजनसँग भेट हुनेछ । |
| वृश्चिक | : | साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । बाहिरी सहयोग प्राप्त हुनेछ । |
| धनु | : | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । अर्कामाथि भरोसा नगर्नु होला । |
| मकर | : | व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| कुम्भ | : | घरबाट अपेक्षित सहयोग प्राप्त होला । न्यायिक कार्यमा सफलता मिल्नेछ । |
| मीन | : | व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्ल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बरुणेश्वर महादेव मन्दिर : जहाँ पूरा हुन्छ मनोकामना !

ठाउँ-चर्चा




■ खिमराज गिरी

काठमाडौँको टोखा नगरपालिका वडा नं. १ बरुणेश्वर गुफामा अवस्थित श्री बौंडेश्वर (बरुणेश्वर) महादेवको मन्दिर नेपालको एक प्रसिद्ध धार्मिक स्थल हो । यो क्षेत्र सांस्कृतिक सम्पदा तथा आध्यात्मिक वातावरणमा शान्त रूपमा रहेको देख्न पाइन्छ । वातावरण स्वच्छ र हराभरा रहेको उक्त स्थान काठमाडौंको उत्तरी भेगमा अवस्थित छ र जहाँबाट नुवाकोटको यात्रा तय गर्न सकिन्छ । उक्त मन्दिर एक विशाल चट्टानको भित्र निकै नै अप्ठ्यारो स्थानमा रहेको छ । र, यहाँ विशेषगरी श्रावण महिनाभरी, वर्षको प्रत्येक सोमवार तथा मंसिर महिनाको बैकुण्ठ चतुर्दशीको दिन मेला लाग्दछ ।

हाम्रो धार्मिक पुस्तक श्रीस्वास्थानीमा वर्णन गरेअनुसार दक्ष प्रजापतिले महायज्ञ लगाउँदा सबै ज्वाइँहरूलाई डाक्दछन् तर, जेठा ज्वाइँ सतीदेवीका पति महादेवलाई नडाकेर अपमान भयो भनी सतीदेवीले आगोमा हाम फालेर प्राण त्याग गरेपछि विरक्त भएर महादेवले सतीदेवीको अङ्ग लिएर हिँड्दा उनको बायाँ स्तन पतन भएको उक्त ठाउँमा बौंडेश्वर महादेव उत्पत्ति भएर शिव शक्ति स्वरूपले रहेका भन्ने किम्वन्दती पाइन्छ । त्यस्तै, अर्को किम्वदन्तीअनुसार महादेवलाई राक्षसले लखेटेपछि एक रात उक्त ठाउँमा लुकेर बसेका र त्यसको भोलीपल्ट गोसाईंकुण्डतिर लागेका भन्ने छ । उक्त ठाउँ कसैले पनि देख्न मुस्किल हुने भएको र अप्ठेरोमा रहेकोले उक्त ठाउँअनुसार शिवको नाम पनि बौंडेश्वर रहन गएको भन्ने भनाई पनि रहेको छ । तथापि, उक्त स्थान काठमाडौंको उत्तरी भेगमा बडो शान्त, मनोरम दृश्यावलोकन, प्राकृतिक हरियाली स्वच्छ वातावरण, वरिपरि जङ्गलले ढाकिएको बढो रमणीय स्थलको रूपमा रहेको र हिन्दु धर्मको मान्यताअनुसार देवताका पनि देवता महादेवको मूर्ति स्थापना गरिएकोले उक्त ठाउँ प्राकृतिक, साँस्कृतिकरूपबाट मात्र नभएर धार्मिक स्थलको रूपमा पनि प्रख्यात रहेको छ र जहाँ हजारौं भक्तजनहरू धेरै टाढा-टाढाबाट दर्शन गर्न आउँछन् । विशेषगरी श्रावण र मंसिर महिनामा भक्तजनको भिड हुने गर्दछ ।

पहिला मुस्किलले गोरेटो बाटो हिँडेर गन्तव्यमा पुग्न सकिन्थ्यो भने हाल आएर मन्दिर व्यवस्थापन समिति तथा स्थानीय जनताको सहयोगमा उक्त स्थानमा जाने सिँढी लगाइएको छ भने चिया, खाजा खाने स्थानको व्यवस्था राम्रो छ । त्यसैगरी उक्त स्थानमा जाने पुल पनि निर्माण गरिएको छ । त्यसैगरी प्रत्येक महिनाको मसान्तको दिन भजन कीर्तन गरिन्छ । प्रत्येक



सोमवारको दिन बेलुकी आरती गरिन्छ । भक्तजनहरूको भिड भएको समयमा उनीहरूकै सुविधाको लागि स्वयम् सेवकहरू परिचालन गरिन्छ ।

धार्मिक मान्यताअनुसार हिन्दु धर्मका प्रमुख देवताको रूपमा चिनिने महादेवका अनेक स्वरूपमध्ये बौडेश्वर स्वरूप पनि एक हो । र, हाम्रो संस्कार र मान्यता पनि धार्मिक रीतिरिवाजमा आधारित भएकोले खडेरी पर्दा, कसैको सन्तान नभएमा उक्त मन्दिरमा पूजा गर्नाले मनोकामना पूरा हुने विश्वास गरिन्छ र स्थानीयको भनाईअनुसार उक्त कार्य सफल भएको पनि छ । त्यस्तै, शरीरमा घाउ खटिरा नआओस् भनेर उक्त स्थानमा अविरल रूपमा मुस्कुराइरहेको देखिने झरनाको पानीमा लुगासहितको स्नान गर्ने चलन छ । त्यस्तै पुत्र लाभको कामना गरी भाकल पनि गरेको पाइन्छ ।

यसरी त्यहाँ पुग्नको लागि हाल काठमाडौंको सुनधारा, भक्तपुर, ललितपुरलगायत अन्य विभिन्न स्थानबाट टोखा बौंडेश्वर महादेवको मन्दिर नजिकै बसको यात्रा पनि सहज रूपमा प्राप्त गर्न सकिन्छ । उक्त मन्दिर संरक्षण तथा सम्वर्द्धन लागि बौडेश्वर संरक्षण समिति तथा स्थानीय जनताले बडो मिहिनेत र निःश्वार्थरूपमा काम गरिरहेको छ । र, गत दुई वर्षको समयमा त्यहाँ निकै नै सुधारका कामहरू भएका छन् । थप सुधारका लागि स्थानीय तहले योजना नै बनाएर लागिरहेको छ । टोखा र तारकेश्वर नगरपालिका मिलेर काम गरिरहेका छन् ।

त्यसैले बौडेश्वर महादेवको मन्दिर मात्र नभएर नेपालमा यस्ता धार्मिक पवित्र स्थल धेरै छन् र जो संरक्षण र सम्वर्द्धनको पर्खाइमा रहेको पाइन्छ । तिनै मध्येमा एक पवित्र धार्मिक स्थलको रूपमा बौंडेश्वर मन्दिर परिचित भएको छ र विशेष पर्व तथा मेलामा देशका विभिन्न ठाउँहरूबाट भक्तजनहरूको भिड लाग्ने हुँदा सो पवित्र स्थललाई अझ बढी विविध कुराहरूमा विकास गर्नुपर्ने देखिन्छ । जसले गर्दा उक्त ठाउँमा सांस्कृतिक, धार्मिक तथा आर्थिक विकासमा टेवा पुग्नुको साथै सामाजिक सद्भाव पनि रहने कुरामा कसैको दुई मत नहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१५ भदौ २०८१, शनिबार
31 August 2024, Saturday

# बक्स अफिस समाचार



*भेनिस फिल्म फेस्टिभलको रेडकार्पेटमा हलिउड स्टार एन्जेलिना जोली । आफू अभिनित पछिल्लो फिल्म 'मारिया'को वर्ल्ड प्रिमियरका क्रममा आठ मिनेट लामो स्ट्याण्डिङ ओभेसन प्राप्त गरेपछि जोलीले खुसीका आँसु बगाएकी थिइन् ।*

## 'एक्टर'मा राजबल्लभ अनुसन्धानकर्मी !

**काठमाडौं/मस–** फिल्म 'एक्टरः टेक वान'बाट अभिनयमा कमब्याक गरेका नायक राजबल्लभ कोइरालाको शुक्रबार परेको जन्मदिनको अवसर पारेर उनी फिचर्ड क्यारेक्टर थिम पोस्टर सार्वजनिक गरिएको छ ।

पोस्ट प्रोडक्सनमा रहेको फिल्मको सार्वजनिक पोस्टरमा कोइराला मात्र चित्रित छन् । जसमा सिगार सेवन गरिरहेका राजबल्लभले नायक प्रदीप खड्काको तस्बिर हेर्दै गरेको देख्न सकिन्छ । दाह्री र जुँगामा रहेका राजबल्लभको लुक्स, अगाडिको टेबल र पृष्ठभूमि हेर्दा उनी अनुसन्धानकर्मी हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ ।

अभिनेता कोइरालाको यही फिल्मबाट १० वर्षपछि पुनरागमन गर्दै छन् । यस अघि यो फिल्मका दुई वटा पोस्ट सार्वजनिक भएका थिए । शुरुवातमा फर्स्टलुक पोस्टरमा प्रदीपका पाँच भिन्न गेटअपमा प्रस्तुत गरिएको थियो । प्रदीप मात्र प्रस्तुत रहेको दोस्रो पोस्टरमा कालो टिसर्ट र लामो कपालमा देखिएका उनी कसैको भौतिक आक्रमणमा परेको अनुहारभरि चोटैचोटमा देखिएका थिए ।

कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शन हुन लागेको 'एक्टर'मा प्रदीप र राजवल्लभसँगै अभिनेत्री दिव्या रायमाझी, आना शर्मा, दिव्य देव, सुशील सिटौलालगायत कलाकारको अभिनय रहनेछ ।

अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याको यही फिल्मबाट डेब्यु गरेकी हुन् । अभिनेता खड्काले पहिलो पटक फिल्मको पर्दामा आना र दिव्यासँग सहकार्य गरेका छन् ।

राजन भुसालको निर्देशन रहेको फिल्मका निर्माता थमन कुमारी भण्डारी हुन् । क्रेयटिभ प्रोडुसर मोती कार्की रहेको फिल्मको लाइन प्रोड्युसरमा तोरन क्षेत्री हुन् । फिल्मको कथा आकाश बराल र राजन स्वयंले लेखेका छन् ।

अदृत फिल्मस् र मोती फिल्मस्को




प्रस्तुतिमा रहेको फिल्मलाई नरेन्द्र मैनालीले खिचेका छन् । ट्राइडेन कन्सेप्टको पोस्टर डिजाइन रोयल भिमसेनले गरेका हुन् ।

फिल्ममा रोयल भिमसेन र सुजन श्रेष्ठको पब्लिसिटी तथा पोस्टर डिजाइन, शिशिर खाती र किरण थापा कोरियोग्राफी, अष्टम महर्जनको द्वन्द्व कृष्णमान तामाङको आर्ट डिरेक्सन, हर्कुलस बस्नेत, रोहित शाक्य र एलिस कार्कीको संगीत रहेको छ ।

मुख्य सहायक निर्देशकमा आकाश उखेडा र राजेश विश्वकर्मा रहेको फिल्ममा विशाल जंग, समय थपलिया, जीवन ढुंगेल, सुमन कार्की सह निर्देशक रहेका छन् ।

यसैगरी फिल्ममा निमेश श्रेष्ठको सम्पादन, राजेन्द्र मुक्ताङको कलर, सायल खानको पोट प्रोडक्सन सुपरभाइजर, रेलिजा श्रेष्ठको प्रोडक्सन डिजाइनर, नविन श्रेष्ठको साउण्ड, रोमन बज्राचार्यको ब्याकराउण्ड स्कोर, विवेक खकुरेलको सोसल मिडिया म्यानेजर, सोसल मिडिया कन्सेप्ट राइटरमा ज्ञानु संगम खड्का, काव्य थापाको मेकअप, बसन्त बुढा र अनिका श्रेष्ठको कस्ट्युम डिजाइन रहेको छ । यो फिल्मको वितरणको जिम्मा एप्पल इन्टरटेन्टमेन्ट र डिसिएनले लिएको छ ।

## 'देवी'को गीत 'सेलाइ देऊ खोलामा' रिलिज

**काठमाडौं/मस–** शिल्पा मास्के, नाजिर हुसेन र गौरव पहारीको मुख्य भूमिका रहेको फिल्म 'देवी'को 'सेलाइ देऊ खोलामा' बोलको अडियो गीत सार्वजनिक भएको छ । सुशान्त गौतमको संगीत निर्देशन तथा सुश्मा सिग्देलको शब्द रचना रहेको गीतमा सज्जा चौलागाई र समीक्षा अधिकारीको स्वर छ। सार्वजनिक गीतमा बाल गायिकामा अभानी अर्याल र शिक्षा लिम्बुको स्वर पनि सुन्न सकिन्छ। गीतले महिलालाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारप्रति प्रश्न गर्छ ।

क्राइम-थ्रिलर जनरामा तयार भएको 'देवी'लाई सञ्जोग राईले निर्देशन गरेका हुन् । यसमा शिल्पा मास्के, टीका पहारी, गौरव पहारी, नाजिर हुसेन, ध्रुव कोइराला, प्रभाकर न्यौपाने आदिको अभिनय छ। फिल्मले बलात्कारको घटनामा कानुनले पार्ने प्रभावको कथा उठाएको छ। एक्जिबिट स्टुडियोले निर्देशक रामबाबु गुरुङ नेतृत्वको बाँसुरी फिल्म्ससँग सहकार्य गरेर फिल्म निर्माण गरेको हो । यसमा निर्देशक राई र अजय गौतमको स्क्रिप्ट लेखन छ । अमेरिकी छायाँकार जोएल फ्रोम एसिएसको डिओपी तथा सन्तोष दवाडी र इयान स्कट क्लेमेन्टको सम्पादन रहेको फिल्ममा रेमन गुरुङ र सञ्जोग राई निर्माता, जावेद खान कार्यकारी निर्माता तथा शिल्पा मास्के, मिलन लामा, उजेन नोर्वे गुरुङ र नारायण गुरुङ सह निर्मातामा छन् ।

## नारायण थापाको 'सोह्रै सिंगार लाएँ' सार्वजनिक



**काठमाडौं/मस–** तिज पर्वलाई लक्षित गर्दै सांगीतिक कोसेली 'सोह्रै सिंगार लाएँ' गीतको भिडियो ओएसआर डिजिटल च्यानलबाट सार्वजनिक भएको छ । दिनेशराज पुरीको शब्द, नारायण थापा र आश्मा दुलालको स्वर समेटिएको 'सोह्रै सिंगार लाएँ' गीतको एरेन्जर राजेन्द्र बजगाईले गरेका हुन् ।

सुरज गराच, प्रतिक्षा काफ्ले, गणेश थापा, सुनिता संग्रौला आदिको अभिनय रहेको भिडियो विजयराज भुर्तेलले निर्देशन गरेका हुन् ।

## मदन पुरस्कार मैनाली र जगदम्बा श्री पुरस्कार यादवलाई

**काठमाडौं/मस–** मदन पुरस्कार गुठीले विसं २०८० को जगदम्बा श्री पुरस्कार प्रा डा योगेन्द्रप्रसाद यादव र मदन पुरस्कार मोहन मैनालीलाई दिने निर्णय गरेको छ ।

गुठीको शुक्रबार बसेको बैठकले 'नेपालका भाषाहरूको पहिचान, संरक्षण र अध्ययन–अनुसन्धान क्षेत्रमा निरन्तर समर्पित भइ गहकिलो प्राज्ञिक योगदान गरेको भन्दै यादवलाई जगदम्बा श्री पुरस्कार र २०८० सालमा प्रकाशित पुस्तकहरूमध्येबाट मैनालीले लेखेको 'मुकाम रणमैदान : नेपाल-अंग्रेज युद्धको बखान' पुस्तकका लागि मदन पुरस्कार प्रदान गर्ने निर्णय गरेको गुठीका अध्यक्ष कुन्द दीक्षितले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पुस्तकलाई परिश्रमपूर्वक ऐतिहासिक सन्दर्भ खोजबिन र सामग्रीलाई सरल, सरस एवम् प्रवाहमय भाषामार्फत लोकप्रिय बनाउन उल्लेख्य रचनात्मक योगदान पुर्‍याएकाले मैनालीको कृतिलाई मदन पुरस्कार दिइएको विज्ञप्तिमा उल्लेख छ। मदन पुरस्कारका लागि गुठीमा तीन सय चारवटा पुस्तक प्राप्त भएका थिए । त्यसमध्ये मैनालीसहित पाँचजनाको पुस्तक छनोटमा परेको गुठीले जनाएको छ ।

मदनशमशेर राणाको स्मृतिमा रानी जगदम्बाबाट स्थापित मदन पुरस्कारको स्थापना २०१२ सालमा भएको हो । मदन पुरस्कारको पहिलो घोषणा २०१३ सालमा भएको थियो । सम्मान कार्यक्रम भने २०१४ सालमा गरिएको थियो । गुठीको निर्णयअनुसार प्रारम्भमा सम्मान पुरस्कारको रकम रु चार हजार थियो । समयक्रममा बढ्दै २०७५ सालदेखि रु चार लाख राशि बनाइएको छ ।

विसं २०१३ मा पहिलोपटक 'हाम्रो लोक संस्कृति'का लागि सत्यमोहन जोशी, 'जनरल भीमसेन थापा'का लागि चित्तरञ्जन नेपाली तथा 'अधिकविभव स्थिर विद्युत उत्पादक'का लागि बलराम जोशीले मदन पुरस्कार प्राप्त गरेका थिए । जोशीले तीनपटक मदन पुरस्कार पाएका छन् । रानी जगदम्बाको स्वर्गारोहणपछि उनको पुण्य स्मृतिमा गुठीले २०४५ सालमा 'जगदम्बा-श्री' सम्मान स्थापना गरेको थियो। रु एक लाख राशिको सम्मान २०४५ सालदेखि नै समर्पण गर्न थालिएको हो। 'मदन पुरस्कार' एक वर्षभित्र नेपाली भाषामा प्रकाशित उत्कृष्टमध्ये एक कृतिलाई प्रदान गरिन्छ ।

## कात्तिक १५ मा 'पूर्ण बहादुरको सारङ्गी'

**काठमाडौं/मस–** फिल्म 'पूर्ण बहादुरको सारङ्गी' फर्स्ट लुक पोस्टर सार्वजनिक भएको छ। निर्माण टिमले प्रदर्शन मिति घोषणा गर्दै फिल्मको फर्स्ट लुक पोस्टर सार्वजनिक गरेको हो ।

सार्वजनिक फर्स्ट लुक पोस्टरमा फिल्मका मुख्य पात्र विजय बराल र प्रकाश सपूतलाई स्थान दिइएको छ। झुस्स दारी जुंगामा खुसी देखिएका विजयको क्लोजअपमा वान साइड फेस देखाइएको छ। त्यसको ठिक तल प्रकाश सपूत सरकारी स्कुलको ड्रेसमा हातमा मार्कसिट बोकेर उफ्रिँदै घरतिर कुदिरहेका छन्। यसले उनी स्कुलको कुनै कक्षामा सबलाई टपेर प्रथम भएको संकेत गरिरहेको छ ।

प्रकाश र विजयको खुसीले उनीहरु एकै घरका सदस्य हुन् भनेर अनुमान लगाउन सकिन्छ । तर यसबारे निर्माणपक्षले केही जानकारी दिएको छैन ।

सरोज पौडेलको लेखन तथा निर्देशन रहेको फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिस




बास्तोला, श्याम केसी, जानवी पौडेललगायतको अभिनय छ ।

सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको फिल्मका विनोद पौडेल र प्रतीक सुवेदी निर्माता हुन् ।

यो फिल्मलाई अन्तर्राष्ट्रिय रूपमा फिल्म वितरण गर्दै आएको कम्पनी सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गरेको हो । सोसल-ड्रामा जनरा निर्माण भएको फिल्मले नेमा गन्धर्व परिवारको कथामा आधारित रहेको छ ।

फिल्मको पटकथा तथा संवाद महेश दवाडीले लेखेका हुन् । विनोद पौडेल र प्याट्रिक सुवेदी लगानी रहेको फिल्मका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् ।

शिवराम श्रेष्ठ छायाँकार रहेको फिल्ममा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारङ्गी, प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानको स्वर रहेको छ। यस्तै, फिल्ममा सुरेन्द्र पौडेको सम्पादन, सुप्रीम पराजुलीको कलर, उत्तम न्यौपानेको साउण्ड मिक्सीङ, दिनेश बहादु रावतको सह निर्देशन, रोहित शाक्यको ब्याकग्राउण्ड स्कोर, विजय वस्यालको पोस्टर डिजाइन रहेको छ ।

कात्तिक १५ गते (लक्ष्मीपूजा) बाट प्रदर्शन हुने यो फिल्मलाई सेभेन सिज इन्टरटेनमेन्टले नै विश्वभर प्रदर्शन गराउने भएको छ ।

**डेंगीका लक्षणहरू**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वाथ्यकर्मीको सल्लाह लिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**